# इस्लामको सत्य आस्था

[ नेपाली - Nepali - نيبالي ]

शैखुल् इस्लाम इब्ने तैमियः

अनुवादः अतीकुर्रहमान मो. इदरीस खान मक्की

संशोधकः

मोहम्मद इदरीस सलफी

2013 - 1434

IslamHouse.com

# العقيدة الواسطية

« باللغة النيبالية »

شيخ الإسلام ابن تيمية

ترجمة: عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

**بسم الله الرحمن الرحيم**

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

सम्पूर्ण प्रशंसा अल्लाहीको लागी हो। र दरूद र सलाम उनका दूत महुम्मद् र उनका परिवार र साथीहरुमाथि होस्।

पहिलो प्रकाशन साल - २५/१२/२००९
प्रकाशित प्रति - १०००

सर्वाधिकार अनुवादकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०

# अनुवादकको भनाई

बिस्मिल्ला हिर्रहमानिर्रहीम

सबै प्रकारको प्रशंसा त्यस अल्लाहको लागि छ जसले यस सारा संसारको रचना गऱ्यो र अल्लाहको शान्ति होस् त्यसको अन्तिम रसूल (सन्देष्टा) मोहम्मद माथि जसको माध्यमबाट हामीलाई अल्लाहले यो सोझोमार्ग इस्लाम पुऱ्यायो, र अल्लाहको दया र कृपा होस् ती सबै माथि जसलेपनि यस इस्लामलाई पुरा संसारमा पुऱ्याए र यसको प्रचार गरे र जुन प्रल्य सम्म गर्ने छन् । तपाईको समक्ष यो पुस्तक इस्लामको **सत्य आस्था** राख्दा मलाई अति खुशी लागेको छ यस किताबको अनुवाद दुनियाको अधिकत्म भाषामा भई सकेको छ ।

तर नेपाली भाषामा भएको थिएन म आभारी छु **डा.उजैर शमस ज्यूको** जसले मलाई यो अवसर प्रदान गर्नु भयो । अल्लाह उनलाई स्वर्गमा उच्च श्रेणी प्रदान गरुन (आमीन) र म आफ्नो बुवा **मोहम्मद इदरीस सलफी** को आभार व्यक्त गर्न सक्दैन किन कि उहाँको आभार जति पनि व्यक्त गरौं कम नै रहन्छ तर अल्लाह सित यो प्रार्थना अवश्य गर्छु कि अल्लाह उहाँलाई स्वर्गको त्यस श्रेणीमा ठाउँ प्रदान गरुन जुन श्रेणीमा हाम्रो नबीको सहाबा हुन्छन् । मेरो बुवाले यस किताबलाई सच्याउनको साथ प्रुफरिडीङ्ग पनि गर्नु भएछ उनी नेपालीको ठूलो ज्ञानी साहित्यकार हुनुहुन्छ । यो कुरा नेपाली भाषामा इस्लामी पुस्तक पढनेहरूलाई थाहा छ र उनको कलमको जादु र सरल शब्दको

चुनावले गर्दा उनको किताबहरूलाई अति लोकप्रियता मिलेको छ र त्यसबाट देश विदेशका धेरै जना लाभ ली सकेका छन् । यसै कारण मैले यो पुस्तक उनको हाथबाट चेक गराएँ मलाई आशा छ कि मेरो यस सानो प्रयासबाट अल्लाह सबैलाई फाईदा पुऱ्याउँछन् र सबैलाई एउटा आधार दिन्छन् जुन सत्य पथको जमानत दिन्छ र स्वर्ग तिर लग्नेछ ।

अन्तमा अल्लाहसित यो दुआ छ कि मेरो यस कार्यलाई कबूल गरुन । (आमीन)


**अनुवादक**

**अतीकुर्रहमान मोहमद इदरीस खाँन मक्की**

**Email-atiqkhannp1982@yahoo.com**

nepali@islamhouse.com

**सम्पर्क ठेगाना :**

**कपिलवस्तु नगर पालिका वार्ड नं.९ महुवा**

**तौलिहवा कपिलवस्तु नेपाल**

**सम्पर्क नं. : ००९७७ – ९८४७०३०७८०**

# बिस्मिल्लाहिर्रहमानिर्रहीम

हरेक किसिमको प्रशंसा त्यस अल्लाहको लागि छ जसले आफ्नो दूतहरूलाई सोझो मार्ग र साँचो धर्म (इस्लाम) दिएर पठायो । जसले गर्दा अरु सबै धर्म माथि यस धर्मलाई प्राथमिकता दिइयोस् र अल्लाह यसमाथि गवाहीको लागि पर्याप्त छ । र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही पुजनीय छैन् र त्यो एक्लै छ त्यसको कोई साझीदार छैन । र म यस कुरालाई आफ्नो मुटुबाट स्वीकार गर्दछु कि अल्लाह एक्लै नै छ र म गवाही दिन्छु कि मोहम्मद (उहाँ माथि शान्ति होस) त्यसको भक्त एंव दूत हुन् । उहाँ माथि शान्ति होस् र उहाँको परिवार एंव साथीहरू माथि पनि अल्लाहको कृपा होस् यो मुक्ति पाउने समूह अहलुस्सुन्न : वलजमाअहको आस्था हो । प्रलय सम्म यो समूह अल्लाहसित सहायता पाइरहन्छन् अल्लाह र त्यसको फरिश्ताहरू र त्यसको पवित्र ग्रन्थहरू र त्यसको दूतहरू र मरणोपरान्त अर्को जीवन माथि राम्रो र नराम्रो भाग्य माथि ईमान ल्याउनु आस्था हो ।

अल्लाह माथि ईमान ल्याउनु अल्लाहका ती गुणहरू माथि आस्था राख्नु जसलाई अल्लाहले आफ्नो किताब (कुर्आन) मा भनेको छ र जुन गुणहरूलाई त्यसको रसूलले (दूतले) हामीलाई बताउनु भएको छ । बिना कुनै थपघट र बिना हेरफेर र बिना तमसील (अर्थात अल्लाहसित कसैलाई दाज्नु) र बिना तातील

अर्थात यो आस्था राखोस् कि अल्लाह जस्तो कोहि छैन कुनै गुणमा पनि त्यसको कोही हममिस्ल (समक्षी) छैन । अहलुस्सुन्नह वल जमाअहको अल्लाह माथि यो आस्था छ कि

لَيْسَ كَمِثْلِهِۦ شَىْءٌ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ ۝(الشورى: 11 )

**अर्थ :-** अल्लाह जस्तो कोही पनि छैन र त्यो सुन्नेवाला एवं हेर्नेवाला छ ।

अल्लाहले जुन सिफातलाई (गुणहरू) आफ्नो लागि भनेकोछ त्यसको इन्कार गर्दैनन् र शब्दहरूलाई त्यस्को ठाउँबाट अर्कोठाउँ राख्दैनन् । र अल्लाहको नामहरू र त्यसको आयतहरूमा गोलु (सीमा उल्लंघन) गर्दैनन् । र त्यसको सिफतलाई त्यसैले बनाएको मखलूकको (सृष्टि) सिफात जस्तो भन्दैनन् र त्यसको आकार मखलूकको आकार जस्तो छैन् भन्छन मान्दछन् । किन कि त्यो पवित्र अल्लाह जस्तो कोही पनि छैन न त्यसको कोही बराबर छ न त त्यसको कोही साझीदार छ ऊ पवित्र छ ऊ जस्तो त्यसले जन्माए मध्ये कोही छैन ।

नि:संदेह त्यो आफ्नो बारेमा आर्काको बारेमा धेरै नै जान्दछ र सबै भन्दा सांचोकुरो बोल्नेवाला छ र आफूले जन्माएको सृष्टि भन्दा अत्यन्त राम्रो कुरा गर्नेवाला छ । त्यस पश्चात त्यसको दूतहरू साँचो भन्नेवाला छन् जसलाई अल्लाहले साँचो भनेको छ । तिनीहरू बाहेक जुन अल्लाह माथि यस्तो कुरो गर्दछन् जस्को ज्ञान उनीहरूलाई छैन । यसैले अल्लाहले भनेको छ ।

**سُبْحَانَ رَبِّكَ رَبِّ ٱلْعِزَّةِ عَمَّا يَصِفُونَ ۝ وَسَلَامٌ عَلَىٰ ٱلْمُرْسَلِينَ ۝ وَٱلْحَمْدُ لِلَّهِ رَبِّ ٱلْعَالَمِينَ ۝(الصافات : 182-180 )**

**अर्थ :-** शिर्क गर्नेहरूबाट तिम्रो पालनहारको पवित्रता होस् जो शक्तिशाली छ । र शान्तिहोस् अल्लाहको दूतहरू माथि र हरेक किसिमको प्रशंसा त्यस अल्लाहको लागि हो । जुन सबै लोकको पालनहार हो ।

अल्लाहले आफूलाई ती सबै कुराहरूबाट पवित्र गर्यो जुन दूतहरूको विरोधीहरू भन्दछन् र दूतहरूमाथि शान्ति पठाएको छ किनकी उनीहरूको कथन हरेक ऐबबाट (खोटबाट) पवित्र

छ । त्यस महान जातले (अल्लाहले) आफ्नो परिचय गराउनुमा नकारात्मक एंव सकारात्मक पहलुलाई दर्शाएको छ । अल्लाहको दूतहरूको तालीमलाई अहलुस्सुन्नह वल जमाअह छाडन सक्दैनन् किन की त्यही नै सोझो मार्ग हो । अल्लाहको दूतहरू साँचो मनुष्यहरू एवं अल्लाहको बाटोमा शहीद हुनेहरूको पनि त्यही बाटो हो जस माथि अल्लाहको कृपा छ । यस संक्षिप्त भनाईमा ती गुणहरूमा पनि आस्था राख्नु शामिल छ । जुन सूरः अल्इख्लासमा अल्लाहले आफ्नो परिचयको निम्ति चर्चा गरेको छ । जस्तो यस सूरहमा अल्लाहले भनेको छ ।

قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ۝ ٱللَّهُ ٱلصَّمَدُ ۝ لَمْ يَلِدْ وَلَمْ يُولَدْ ۝
وَلَمْ يَكُنْ لَّهُ كُفُواً أَحَدٌ ۝ (الإخلاص: آية رقم 1-4 )

**अर्थ :-** हे अल्लाहको दूत भनिदिनुहोस् ! कि त्यो अल्लाह एक्लै छ, अल्लाह बेनियाज(निरपेक्ष) छ, न त त्यसलाई कसैले जनमाएको छ । न त उसले नै कसैलाई (अर्थात न उसका कोही आमा वुवा छन् न त ऊ कसैको आमा बुवा हो) र त्यसको बराबरीवाला कोही छैन । अल्लाहले आफ्नो महान जातको लागि कुर्आनको सबै भन्दा महान आयतमा भन्छ ।

ٱللَّهُ لاَ إِلَـٰهَ إِلاَّ هُوَ ٱلْحَيُّ ٱلْقَيُّومُ لاَ تَأْخُذُهُ سِنَةٌ وَلاَ نَوْمٌ
لَّهُ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلأَرْضِ مَن ذَا ٱلَّذِي يَشْفَعُ
عِنْدَهُ إِلاَّ بِإِذْنِهِ يَعْلَمُ مَا بَيْنَ أَيْدِيهِمْ وَمَا خَلْفَهُمْ وَلاَ
يُحِيطُونَ بِشَيْءٍ مِّنْ عِلْمِهِ إِلاَّ بِمَا شَآءَ وَسِعَ كُرْسِيُّهُ
ٱلسَّمَٰوَٰتِ وَٱلأَرْضَ وَلاَ يَؤُودُهُ حِفْظُهُمَا وَهُوَ ٱلْعَلِيُّ ٱلْعَظِيمُ ۝

( البقرة : آية رقم 255 )

**अर्थ :-** अल्लाह बाहेक कोही पूजनीय छैन । त्यो जीवित छ र हिफाजत (रक्षा) गर्ने वाला छ त्यसलाई उँघ र निद्रा आउँदैन, त्यसैको लागि आकाश र पृथ्वीमा पाइने सबै वस्तुहरू हुन । को हो ? जनु त्यसको आदेश बिना सिफारिश गर्छ । त्यो मखलूक (सृष्टि) हरूको भूत र भविष्यलाई जान्दछ, त्यसको गोप्य ज्ञान मध्ये कुनै बस्तुको पनि जानकारी कसैलाई छैन त्यस बाहेक जुन त्यो चाहोस् त्यसको कुर्सी आकश र पृथ्वीलाई घेरेको छ, यी दुवैको रक्षा गर्नले त्यसलाई थकाउन सक्दैन र त्यो धेरै उच्च र सबै भन्दा महान छ । र अल्लाहले भनेको छ ।

**هُوَ ٱلۡأَوَّلُ وَٱلۡآخِرُ وَٱلظَّاهِرُ وَٱلۡبَاطِنُ وَهُوَ بِكُلِّ شَيۡءٍ عَلِيمٌ ۝(الحديد: آية رقم 3 )**

**अर्थ :-** त्यो आदि र अन्त हो त्यो जाहेर र गोप्य हो र त्यो हरेक बस्तुलाई जान्नेवाला सर्वज्ञ छ । र अल्लाहले भन्छ

**وَتَوَكَّلۡ عَلَى ٱلۡحَيِّ ٱلَّذِي لَا يَمُوتُ۝(الفرقان: آية رقم 58 )**

**अर्थ :-** र त्यसमाथि विश्वास गर जुन सदैव जीवित छ त्यो मर्दैन । (त्यसलाई मृत्यु आउदैन) र अल्लाह भन्छ :

**وَهُوَ ٱلۡعَلِيمُ ٱلۡحَكِيمُ۝ ( التحريم : آية رقم 2 )**

**अर्थ :-** त्यो सर्वज्ञाता एंव कौशलसम्पन्न छ । र अल्लाहको भनाई छ ।

**وَهُوَ ٱلۡحَكِيمُ ٱلۡخَبِيرُ۝ ( سبأ : آية رقم 1 )**

**अर्थ :-** र त्यो बुद्धिमतासम्पन्न एंव सर्वलौकिक छ । र अल्लाहले भन्छ ।

**يَعْلَمُ مَا يَلِجُ فِي ٱلأَرْضِ وَمَا يَخْرُجُ مِنْهَا وَمَا يَنزِلُ مِنَ ٱلسَّمَآءِ وَمَا يَعْرُجُ فِيهَا ( سبأ : آية رقم 2 )**

**अर्थ :-** ऊ जान्दछ जुन पृथ्वी भित्र जान्छ र जुन पृथवीबाट निस्कन्छ र जुन आकाशबाट झर्छ र जुन आकाश माथि चढछ । र अल्लाहले भन्छ ।

**وَعِندَهُ مَفَاتِحُ ٱلْغَيْبِ لاَ يَعْلَمُهَآ إِلاَّ هُوَ وَيَعْلَمُ مَا فِي ٱلْبَرِّ وَٱلْبَحْرِ وَمَا تَسْقُطُ مِن وَرَقَةٍ إِلاَّ يَعْلَمُهَا وَلاَ حَبَّةٍ فِي ظُلُمَٰتِ ٱلأَرْضِ وَلاَ رَطْبٍ وَلاَ يَابِسٍ إِلاَّ فِي كِتَٰبٍ مُّبِينٍ ( الأنعام : آية رقم 59 )**

**अर्थ :-** र त्यसको पासमा गोप्यको जानकारी छ त्यसलाई त्यस बाहेक कोही जान्न सक्दैन र त्यो ऊ सबैलाई जान्दछ जुन समुद्रमा र (पृथ्वी) मा लुकेको छ र एउटा पनि पात झरदैन तर त्यसको जानकारी त्यस अल्लाहलाई हुन्छ र एउटा दाना पनि पृथ्वीको घोर अँधयारोमा लुकेको एंव भिजेको सबै अल्लाहको स्पष्ट किताबमा छ । र अल्लाहको भनाई छ ।

**وَمَا تَحْمِلُ مِنْ أُنْثَىٰ وَلاَ تَضَعُ إِلاَّ بِعِلْمِهِ ( فصلت : آية رقم 47 )**

**अर्थ :-** सबै गर्भवतीहरू जुन आफ्नो गर्भाष्यमा राख्छिन् र जुन जन्माउँछिन् त्यो उसको जानकारीमा छ । र अल्लाहले भन्छ ।

لِّتَعْلَمُوٓاْ أَنَّ ٱللَّهَ عَلَىٰ كُلِّ شَيْءٍ قَدِيرٌ وَأَنَّ ٱللَّهَ قَدْ أَحَاطَ بِكُلِّ شَيْءٍ عِلْماً۝ ( الطلاق : آية رقم 12 )

**अर्थ :-** ता कि तिमीहरू बुझौ कि निःसन्देह अल्लाह सबै वस्तुमाथि कादिर (शक्तिमान) छ र निःसन्देह आफ्नो इलम ( ज्ञान) ले सबै वस्तुको घेराउ गरेको छ। र अल्लाहले भनेको छ।

إِنَّ ٱللَّهَ هُوَ ٱلرَّزَّاقُ ذُو ٱلْقُوَّةِ ٱلْمَتِينُ۝ (الذاريات : آية رقم 58 )

**अर्थ :-** निःसन्देह त्यो अल्लाह धेरै जीविका दिनेवाला र अत्यन्त शक्तिशाली छ। र अल्लाहको कथन छ।

لَيْسَ كَمِثْلِهِ شَيْءٌ وَهُوَ ٱلسَّمِيعُ ٱلْبَصِيرُ۝ ( الشورى: آية رقم 11 )

**अर्थ :-** त्यस जस्तो कोही छैन र त्यो धेरै सुन्नेवाला एंव हेर्नेवाला छ। र अल्लाहको भनाई छ।

إِنَّ ٱللَّهَ نِعِمَّا يَعِظُكُمْ بِهِ إِنَّ ٱللَّهَ كَانَ سَمِيعاً بَصِيراً۝ (النساء : آية رقم 58 )

**अर्थ :-** निःसंदेह अल्लाह तिमीहरूलाई धेरै नसीहत (सदुपदेश) गर्नेवाला छ । र निःसंदेह अल्लाह अत्यन्तै सुन्नेवाला एंव सर्वलौकिक छ। र अल्लाह ले भनेको छ।

وَلَوْلآَ إِذْ دَخَلْتَ جَنَّتَكَ قُلْتَ مَا شَآءَ ٱللَّهُ لاَ قُوَّةَ إِلاَّ بِٱللَّهِ۝

( الكهف : آية رقم 39 )

**अर्थ :-** र यदि जब तिमी आफ्नो बारीमा प्रवेश गर्यो तब भन्थ्यौ जुन अल्लाह चाहोस् अल्लाह बाहेक अरु कसैको शक्ति छैन ? र अल्लाहको भनाई छ ।

**وَلَوْ شَآءَ ٱللَّهُ مَا ٱقْتَتَلُواْ وَلَـٰكِنَّ ٱللَّهَ يَفْعَلُ مَا يُرِيدُ ۝**
**( البقرة : آية رقم 253 )**

**अर्थ :-** यदि अल्लाहले चाह्यो भने तिनीहरू युद्ध गर्दैन्थे तर अल्लाह जुन चाहन्छ त्यही गर्छ । र अल्लाहले भन्छ :

**أُحِلَّتْ لَكُمْ بَهِيمَةُ ٱلأَنْعَامِ إِلاَّ مَا يُتْلَىٰ عَلَيْكُمْ غَيْرَ مُحِلِّي ٱلصَّيْدِ وَأَنْتُمْ حُرُمٌ إِنَّ ٱللَّهَ يَحْكُمُ مَا يُرِيدُ ۝ ( المائدة : آية رقم 1 )**

**अर्थ :-** तिमी माथि हलाल गर्यौं जनावारहरू त्यस बाहेक जसको तेलावत (पाठ) तिमी माथि गरिन्छ र तिमी एहरामको अवस्थामा शिकारलाई आफूमाथि हलाल नगर, निःसन्देह अल्लाह त्यो आदेश गर्छ जुन चाहन्छ । अल्लाहको भनाई छ ।

**فَمَن يُرِدِ ٱللَّهُ أَن يَهْدِيَهُ يَشْرَحْ صَدْرَهُ لِلإِسْلَٰمِ وَمَن يُرِدْ أَن يُضِلَّهُ يَجْعَلْ صَدْرَهُ ضَيِّقاً حَرَجاً كَأَنَّمَا يَصَّعَّدُ فِي ٱلسَّمَآءِ ۝(الأنعام: آية رقم125 )**

**अर्थ :-** जसलाई अल्लाह हिदायत (सुमार्गदर्शन) दिन चाहन्छ (सोझो मार्ग देखाउन चाहन्छ) त्यसको सिना (छाती) लाई फराकिलो गरी दिन्छ इस्लामको लागि, र जसलाई गुमराह ( पथभ्रष्ट) गर्न चाहन्छ र बाटोबाट हटाउन चाहन्छ, त्यसको

सिनालाई तंग (संकुचित) गरिदिन्छ जस्तो कि त्यो आकाश माथि चढी राखेको छ। अल्लाहको भनाई छ।

وَأَحۡسِنُوٓاْ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُحۡسِنِينَ ۝ وَأَقۡسِطُوٓاْ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُقۡسِطِينَ۝ (البقرة: آية رقم 195- الحجرات : آية رقم 9 )

**अर्थ :-** र परोपकार गर निःसंदेह अल्लाह परोपकारीलाई मन पराउँछ र इन्साफ गर निःसन्देह अल्लाह इन्साफ गर्नेहरूलाई मन पराउँछ। अल्लाह भन्छ।

فَمَا ٱسۡتَقَٰمُواْ لَكُمۡ فَٱسۡتَقِيمُواْ لَهُمۡۚ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلۡمُتَّقِينَ۝ ( التوبة : آية رقم 7 )

**अर्थ :-** जब सम्म तिनीहरू तिम्रो लागि सोझो छन् तब सम्म तिमी उनीहरूको लागि सोझो रह, र निःसन्देह अल्लाह आफ्नो भक्तहरूलाई मन पराउँछ। अल्लाहको भनाई छ।

إِنَّ ٱللَّهَ يُحِبُّ ٱلتَّوَّٰبِينَ وَيُحِبُّ ٱلۡمُتَطَهِّرِينَ۝ ( البقرة: آية رقم 222 )

**अर्थ :-** निःसन्देह अल्लाह तोबा (क्षमायाचना) गर्नेहरूलाई मन पराउँछ र पवित्रहरूलाई मन पराउँछ। र अल्लाहको भनाई छ

قُلۡ إِن كُنتُمۡ تُحِبُّونَ ٱللَّهَ فَٱتَّبِعُونِي يُحۡبِبۡكُمُ ٱللَّهُ۝ ( آل عمران: آية رقم31 )

**अर्थ :-** भनिदिनुहोस् ! हे अल्लाहको रसूल ! यदि तिमीहरू अल्लाह सित मायाँ गर्छौं भने मेरो हुकुमको (आदेशको) पालन गर अल्लाह तिमीहरूसित मायाँ गर्छ । अल्लाहको कथन छ ।

**فَسَوْفَ يَأْتِي ٱللَّهُ بِقَوْمٍ يُحِبُّهُمْ وَيُحِبُّونَهُ ۝ ( المائدة: آية رقم 54 )**

**अर्थ :-** केही समय पछि अल्लाह यस्तो समूहहरूलाई ल्याउँछ जुन अल्लाहसित र अल्लाह उनीहरूसित प्रेम गर्छन् । अल्लाहले भन्छ ।

**وَهُوَ ٱلْغَفُورُ ٱلْوَدُودُ ۝ ( البروج : آية رقم 14 )**

**अर्थ :-** र त्यो (अल्लाह) धेरै उद्धार वाला एंव माया गर्नेवाला छ । र अल्लाहको भनाई छ ।

**إِنَّ ٱللَّهَ يُحِبُّ ٱلَّذِينَ يُقَاتِلُونَ فِي سَبِيلِهِ صَفّاً كَأَنَّهُم بُنْيَانٌ مَّرْصُوصٌ ۝ (** الصف **: آية رقم 4 )**

**अर्थ :-** निःसंदेह अल्लाह उनीहरूलाई प्रेमगर्छ । जुन अल्लाहको बाटोमा सफ (पंक्ति) बनाएर युद्ध गर्छन जस्तो कि अटूट दिवाल (पर्खाल) । र अल्लाहको भनाई छ ।

**بِسْمِ ٱللَّهِ ٱلرَّحْمَـٰنِ ٱلرَّحِيمِ ۝ رَبَّنَا وَسِعْتَ كُلَّ شَيْءٍ رَّحْمَةً وَعِلْماً ۝ (النمل : آية رقم 30 – غافر:آية رقم7 )**

**अर्थ :-** शुरू त्यस अल्लाहको नामबाट जनु अत्यन्तै कृपालु एंव परम् दयालु छ, हाम्रो पालनहारको इल्म (ज्ञान) र दयाले सबै वस्तुलाई घेरेको छ । र अल्लाह ले भन्छ ।

**وكَانَ بِٱلْمُؤْمِنِينَ رَحِيماً ۝ ورَحْمَتِي وَسِعَتْ كُلَّ شَيْءٍ ۝ كَتَبَ رَبُّكُمْ عَلَىٰ نَفْسِهِ ٱلرَّحْمَةَ ۝ وَهُوَ ٱلْغَفُورُ ٱلرَّحِيمُ ۝ فَٱللَّهُ خَيْرٌ حَافِظاً وَهُوَ أَرْحَمُ ٱلرَّاحِمِينَ۝ ( الأحزاب : آية رقم 43- الأعراف : آية رقم 156– الأنعام : آية رقم 54 –الأحقاف : آية رقم 8 و يونس: آية رقم 107 – يوسف : آية رقم 64 )**

**अर्थ :-** र त्यो ईमान वालाहरू माथि दयावान छ । र मेरो दया सबै चीजलाई घेरेको छ । तिमीहरूको पालनहरले आफू माथि दयालाई लाजिम (अनिवार्य) गरेकोछ । र त्यो कृपालु एंव दयालु छ । र अल्लाह सबै भन्दा राम्रो हिफाजत (हेरचाह) गर्नेवाला छ र दयागर्नेवाला मध्ये सबै भन्दा दयालुछ । र अल्लाहले भनको छ ।

**رَّضِيَ ٱللَّهُ عَنْهُمْ وَرَضُواْ عَنْهُ ۝ وَمَن يَقْتُلْ مُؤْمِناً مُّتَعَمِّداً فَجَزَآؤُهُ جَهَنَّمُ خَلِداً فِيهَا وَغَضِبَ ٱللَّهُ عَلَيْهِ وَلَعَنَهُ ۝ ( المائدة : آية رقم 119 – النساء : آية رقم 93 )**

**अर्थ :-** र अल्लाह उनीसित उनी अल्लाहसित राजी भए, र जसले कसै मोमिनलाई (अल्लाहमाथि अस्था राख्नेहरूलाई) जानि बुझी मार्छ । तब त्यसको ठेगाना नर्कनै रहेकोछ त्यसमा त्यो व्यक्ति सदैव नै रहनेछ र अल्लाह त्यसबाट क्रोधित हुन्छ र त्यसमाथि अल्लाहको लानत (धिक्कार) हुन्छ । र अल्लाहको भनाई छ :

ذَٰلِكَ بِأَنَّهُمُ ٱتَّبَعُواْ مَآ أَسْخَطَ ٱللَّهَ وَكَرِهُواْ رِضْوَٰنَهُۥ ◯ فَلَمَّآ ءَاسَفُونَا ٱنتَقَمْنَا مِنْهُمْ◯ ( محمد : آية رقم 28 – الزخرف : آية رقم 55 )

**अर्थ :-** र त्यो यसकारण कि तिनीहरू अल्लाहलाई क्रोधित गर्ने कुराहरूको पैरवी (अनुशरण) गरे र त्यस कुरालाई मन पराएनन् जसबाट अल्लाह प्रसन्न हुन्छ । जब उनीहरू हामीलाई क्रोधित गरे तब हामीले उनीहरूसित प्रतिशोध लिएँ । र अल्लाहले भनेको छ :

وَلَـٰكِن كَرِهَ ٱللَّهُ ٱنبِعَاثَهُمْ فَثَبَّطَهُمْ◯( التوبة: آية رقم 46 )

**अर्थ:-**तर अल्लाहले उनीहरूको निकासलाई मनपराएन त्यसै कारण उनीहरूलाई सुस्त गरिदियो र अल्लाहको कथन छ ।

كَبُرَ مَقْتاً عِندَ ٱللَّهِ أَن تَقُولُواْ مَا لاَ تَفْعَلُونَ◯ ( الصف : آية رقم 3 )

**अर्थ :-** अल्लाहको नजिक त्यो कुरो धेरै क्रोधको कारण हो कि तिमीहरू त्यो भन् जुन तिमी गर्दैनौ । र अल्लाहको भनाई छ ।

هَلْ يَنْظُرُونَ إِلَّا أَنْ يَأْتِيَهُمُ اللَّهُ فِي ظُلَلٍ مِنَ الْغَمَامِ وَالْمَلَائِكَةُ وَقُضِيَ الْأَمْرُ ◯ هَلْ يَنْظُرُونَ إِلَّا أَنْ تَأْتِيَهُمُ الْمَلَائِكَةُ أَوْ يَأْتِيَ رَبُّكَ أَوْ يَأْتِيَ بَعْضُ آيَاتِ رَبِّكَ ◯ كَلَّا إِذَا دُكَّتِ الْأَرْضُ دَكًّا دَكًّا ◯ وَجَاءَ رَبُّكَ وَالْمَلَكُ صَفًّا صَفًّا ◯ وَيَوْمَ تَشَقَّقُ السَّمَاءُ بِالْغَمَامِ وَنُزِّلَ الْمَلَائِكَةُ تَنْزِيلًا ◯ ( البقرة : آية رقم 210 – الأنعام : آية رقم 158– الفجر: آية رقم 21- 22- الفرقان : آية رقم 25 )

**अर्थ :-** के उनीहरू प्रतिक्षा गरि राखेकाछन् कि अल्लाह उनीहरूको नजिक बादलको छायाँ मुनि आउँछ । र फरिश्ताहरू पनि र यस कुराको फैसिला भई सकेको छ । के उनीहरू प्रतिक्षा गरी राखेका छन् कि फरिश्ताहरू आँउछन अथवा तिम्रो पालनहार आउँछ । अथवा तिम्रो पालनहारको केही निशानीहरू आउँछन् । कदापि यो हुन सक्दैन कि जुन पृथ्वी हल्लाईने छ र तिम्रो पालनहार आउनेछ त्यस अवस्थामा कि परिश्ताहरू पंक्ति पंक्तिमा हुन्छन् । र जुन दिन आकाश च्यातिन्छ र बादलबाट फरिश्ताहरू झरदै झरिन्छन् । अल्लाहको भनाई छ ।

**وَيَبْقَىٰ وَجْهُ رَبِّكَ ذُو ٱلْجَلَالِ وَٱلْإِكْرَامِ ۝ كُلُّ شَيْءٍ هَالِكٌ إِلاَّ وَجْهَهُ۝ ( الرحمن : آية رقم 27 – القصص : آية رقم 88 )**

**अर्थ :-** र तिम्रो त्यस पालनहारको अनुहार बाँकी रहनेछ जुन इज्जतवाला (प्रतिष्ठित) र प्रतापवाला छ । प्रत्येक वस्तुको अन्त हुने छ त्यसको (अल्लाहको) अनुहार (अस्तित्व) बाहेक । र त्यसको फमार्न छ ।

ومَا مَنَعَكَ أَن تَسْجُدَ لِمَا خَلَقْتُ بِيَدَيَّ۝وَقَالَتِ ٱلْيَهُودُ يَدُ ٱللَّهِ مَغْلُولَةٌ غُلَّتْ أَيْدِيهِمْ وَلُعِنُوا۟ بِمَا قَالُوا۟ بَلْ يَدَاهُ مَبْسُوطَتَانِ يُنفِقُ كَيْفَ يَشَآءُ۝ **( ص : آية رقم 75 – المائدة : آية رقم 64 )**

**अर्थ :-** र तिमीलाई कसले रोक्यो कि तिमी सिजदः गर(ढोग) त्यसलाई, जसलाई मैले आफ्नो हाथबाट बनाएको छु । र यहूदीहरू भन्छन कि अल्लाहको हाथ बाँधिएको छ, तर उनीहरूको हात नै बाँधिएको छ र उनीहरू माथि अल्लाहको

लानत (धिक्कार) छ, यसै कुराको कारण, जुन उनीहरूले अल्लाहको लागि भनेका छन्, बरु त्यसको दुवै हात खुलेका छन् त्यो खर्च गर्छ जसरी चाहन्छ । र अल्लाहको भनाई छ ।

**وَٱصْبِرْ لِحُكْمِ رَبِّكَ فَإِنَّكَ بِأَعْيُنِنَا ۝ وَحَمَلْنَاهُ عَلَىٰ ذَاتِ أَلْوَاحٍ وَدُسُرٍ ۝ تَجْرِي بِأَعْيُنِنَا جَزَآءً لِّمَن كَانَ كُفِرَ ۝ وَأَلْقَيْتُ عَلَيْكَ مَحَبَّةً مِّنِّي وَلِتُصْنَعَ عَلَىٰ عَيْنِيٓ ۝ ( الطور : آية رقم 48 – القمر : آية رقم 13-14 – طه : آية رقم 39 )**

**अर्थ :-** सन्तोष गर हे अल्लाहको रसूल आफ्नो पालनहारको हुकुमको लागि निस्सन्देह तिमी हाम्रो आखाँको सामुन्ने छौ । र हामीले त्यसलाई पटरा र कांटी ले बनेको वस्तुमा सवार गरें । (अर्थात) डुंगामा जुन हाम्रो आखाँको सामुन्ने चल्छ, यो त्यसको प्रकोप हो उनीहरूका लागि जसले त्यसलाई मान्दैनन् । र मैले तिमी माथि आफ्नो तर्फबाट मायाँ उतारे ताकि तिम्रो हेरचाह मेरो आखाँको सामुन्ने गरियोस् । र अल्लाहको भनाई छ ।

**قَدْ سَمِعَ ٱللَّهُ قَوْلَ ٱلَّتِي تُجَادِلُكَ فِي زَوْجِهَا وَتَشْتَكِيٓ إِلَى ٱللَّهِ وَٱللَّهُ يَسْمَعُ تَحَاوُرَكُمَآ إِنَّ ٱللَّهَ سَمِيعٌۢ بَصِيرٌ ۝ ( المجادلة : آية رقم 1 )**

**अर्थ :-** निश्चय नै अल्लाहले त्यस महिलाको कुरा सुनेका छन् जुन आफ्नो लोग्नेको लागि तिमीसंग झगडा गरी रहेकाछिन् र अल्लाहसित गुनासो गरिरहेका छिन् र अल्लाह तिमी दुवैको कुरा सुनिरहेको छ । निश्चय नै अल्लाह सर्वज्ञाता र सर्वलौकिक छ । र अल्लाहको भनाई छ ।

لَّقَدْ سَمِعَ ٱللَّهُ قَوْلَ ٱلَّذِينَ قَالُوٓاْ إِنَّ ٱللَّهَ فَقِيرٌ وَنَحْنُ أَغْنِيَآءُ ۝ ( آل عمران : آية رقم 181 )

**अर्थ :-** निश्चय नै अल्लाहले उनीहरूको कुरालाई सुनेका छन् जसले भन्यो कि अल्लाह दरिद्र छ र हामीहरू समृद्ध छौ । र अल्लाहको आदेश छ :

أَمْ يَحْسَبُونَ أَنَّا لاَ نَسْمَعُ سِرَّهُمْ وَنَجْوَاهُم بَلَىٰ وَرُسُلُنَا لَدَيْهِمْ يَكْتُبُونَ ۝ إِنَّنِي مَعَكُمَآ أَسْمَعُ وَأَرَىٰ ۝ أَلَمْ يَعْلَم بِأَنَّ ٱللَّهَ يَرَىٰ ۝ ٱلَّذِي يَرَاكَ حِينَ تَقُومُ ۝ وَتَقَلُّبَكَ فِي ٱلسَّاجِدِينَ ۝ إِنَّهُ هُوَ ٱلسَّمِيعُ ٱلْعَلِيمُ ۝ وَقُلِ ٱعْمَلُواْ فَسَيَرَى ٱللَّهُ عَمَلَكُمْ وَرَسُولُهُ وَٱلْمُؤْمِنُونَ۝( الزخرف :آية رقم 80 – طه : آية رقم 46 – العلق : آية رقم 14 – الشعراء : آية رقم 218 – 219 – 220 – التوبة : آية رقم 105 )

**अर्थ :-** के उनीहरू यो कल्पना गर्छन कि हामी उनीहरूको गोप्य र मसिनो स्वरमा गरेको कुरोलाई सुन्दैनौ, किन न सुन्ने जब कि हाम्रो फरिश्ताहरू उनीहरूको नजिक लेखिराखेका छन् : नि:सन्देह म तिमी दुबैको साथमा सुनीराखेको छु र देखी राखेको छु । के त्यो जान्दैन कि नि:संदेह अल्लाह हेरीरहेछ । जुन तिमीलाई हेरी रहेछ त्यस बखत जुन बखत तिमी उठछौ ( नमाज पढ्छौ) र सजद : गर्नेहरूको साथमा सजदा(ढोग) गर्छौ नि:सन्देह त्यो अत्यन्तै सुन्नेवाला एंव देख्नेवाला छ । र हे अल्लाहको रसूल उनीसित भनि दिनुहोस् कि तिमी कर्म गर छिट्टै नै अल्लाह तिम्रो कर्मलाई हेर्छ र त्यसको रसूल र ईमानवालाहरू पनि । र अल्लाहले भन्छ ।

**وَهُوَ شَدِيدُ ٱلْمِحَالِ۝ ( الرعد : آية رقم 13 )**

**अर्थ :-** त्यसको पकड धेरै नै शक्तिशाली छ । र अल्लाहको फर्मानछ ।

**وَمَكَرُواْ وَمَكَرَ ٱللَّهُ وَٱللَّهُ خَيْرُ ٱلْمَاكِرِينَ۝ ( آل عمران : آية رقم 54 )**

**अर्थ :-** र उनीहरूले षडयन्त्रगरे र अल्लाहले पनि चाल चल्यो र अल्लाह सबै भन्दा राम्रो योजनाकार छ । र अल्लाहले भनेको छ :

**وَمَكَرُواْ مَكْراً وَمَكَرْنَا مَكْراً وَهُمْ لاَ يَشْعُرُونَ۝( النمل: آية رقم50)**

**अर्थ :-** र उनीहरूले षडयन्त्रगरे र हामीले पनि चाल चलें तर उनीहरू बुझ्न सकेनन् । र अल्लाहको आदेश छ ।

**إِنَّهُمْ يَكِيدُونَ كَيْداً ۝ وَأَكِيدُ كَيْداً۝ (الطارق : آية رقم 16-15 )**

**अर्थ :-** निःसंदेह उनीहरू चाल चल्छन् र हामी पनि चाल चल्छौ । र अल्लाहले भन्छ ।

**إِن تُبْدُواْ خَيْراً أَوْ تُخْفُوهُ أَوْ تَعْفُواْ عَن سُوۤءٍ فَإِنَّ ٱللَّهَ كَانَ عَفُوّاً قَدِيراً ۝ وَلْيَعْفُواْ وَلْيَصْفَحُوۤاْ أَلاَ تُحِبُّونَ أَن يَغْفِرَ**

رَّحِيمٌ ۝ وَلِلَّهِ ٱلْعِزَّةُ وَلِرَسُولِهِ ٱللَّهُ لَكُمْ وَٱللَّهُ غَفُورٌ وَلِلْمُؤْمِنِينَ۝(النساء : آية رقم 149 – النور : آية رقم 22 – المنافقون : آية رقم 8 )

**अर्थ :-** यदि तिमीहरू कुनै भलाईलाई जाहेर गर अथवा गोप्य राख अथवा कुनै अन्यायलाई माफगर । निःसन्देह अल्लाह धेरै माफ गर्नेवाला एवं शक्तिशाली छ । र चाहियो कि उनीहरू माफ गरुन र दरगुजर (क्षमा) गरुन के तिमीहरू चाहिदैनौ कि अल्लाह तिमीहरूलाई माफगरुन् । र अल्लाह धेरै क्षमा गर्नेवाला एंव दयालु छ । र अल्लाह र त्यसको रसूल र मोमिनहरूको लागि नै इज्जत र प्रतिष्ठा छ । र अल्लाहको कथन इबलीस (शैतान)को बारेमा

قَالَ فَبِعِزَّتِكَ لأُغْوِيَنَّهُمْ أَجْمَعِينَ۝ ( ص : آية رقم 82 )

**अर्थ :-** हे अल्लाह ! तेरो प्रतापको शपथ म यिनीहरूलाई अवश्य नै गुमराह (पथ भ्रष्ट) गर्ने छु । र अल्लाहको आदेश छ ।

تَبَارَكَ ٱسْمُ رَبِّكَ ذِي ٱلْجَلاَلِ وَٱلإِكْرَامِ۝( الرحمن : آية رقم 78 )

**अर्थ :-** तिम्रो शक्तिशाली एंव इज्जतवाला अल्लाहको नाम बरकतवाला (कल्याणकारी) छ । र अल्लाहको आदेश छ ।

فَٱعْبُدْهُ وَٱصْطَبِرْ لِعِبَادَتِهِ هَلْ تَعْلَمُ لَهُ سَمِيّاً ۝ وَلَمْ يَكُنْ لَّهُ كُفُواً أَحَدٌ۝

( مريم : آية رقم 65 – الإخلاص : آية رقم 4 )

**अर्थ :-** र त्यसको पूजा गर र त्यसको पूजामा अटल भइजाऊ के तिमी त्यसको कोही समकक्षीलाई जान्दछौ । र त्यसको कोही बराबरी गर्नेवाला छैन । र अल्लाहले भनेको छ ।

**فَلاَ تَجْعَلُواْ للَّهِ أَندَاداً وَأَنْتُمْ تَعْلَمُونَ ۝ وَمِنَ ٱلنَّاسِ مَن يَتَّخِذُ مِن دُونِ ٱللَّهِ أَندَاداً يُحِبُّونَهُمْ كَحُبِّ ٱللَّهِ ۝ ( البقرة : آية رقم 22 – البقرة : آية رقم 165 )**

**अर्थ :-** र अल्लाहको कसैलाई पनि साभ्रीदार नगर किनकी तिमी यो जान्दछौ कि अल्लाहको कोही साभ्रीदार छैन । र मनुष्य मध्ये यस्तो पनि छन् जुन अल्लाहको साभ्रेदार ठहराउछन् र त्यसलाई अल्लाह जस्तो प्रेम गर्छन । र अल्लाहको भनाई छ ।

**وَقُلِ ٱلْحَمْدُ للَّهِ ٱلَّذِي لَمْ يَتَّخِذْ وَلَداً وَلَم يَكُنْ لَّهُ شَرِيكٌ فِي ٱلْمُلْكِ وَلَمْ يَكُنْ لَّهُ وَلِيٌّ مِّنَ ٱلذُّلِّ وَكَبِّرْهُ تَكْبِيراً ۝ يُسَبِّحُ للَّهِ مَا فِي ٱلسَّمَٰوَٰتِ وَمَا فِي ٱلأَرْضِ لَهُ ٱلْمُلْكُ وَلَهُ ٱلْحَمْدُ وَهُوَ عَلَىٰ كُلِّ شَيْءٍ قَدِيرٌ ۝ ( الإسراء : آية رقم 111– التغابن : آية رقم 1 )**

**अर्थ :-** हे अल्लाहको रसूल ! भनिदिनुस् कि सबै प्रकारको प्रशंसा त्यस अल्लाहको लागि छ । जसले कसैलाई आफ्नो छोरो बानाएको छैन । र त्यसको राज्यमा त्यसको कोही साभ्रेदार छैन र त्यसको कोही सहयोगी छैन त्यसको कमजोरीको कारण (अर्थात त्यसमा कुनै किसिमको कमजोरी छैन) र त्यसको महान्ताको वर्णन गर । र त्यस अल्लाहको पवित्रताको वर्णन गर्छन ती सबै वस्तु जुन आकाश र पृथवीमा

छन्, उसैको लागि राज्यछ र उसैको लागि सबै प्रशंसा छ, त्यो प्रत्येक वस्तु माथि सामर्थ्यवान छ । र अल्लाहले नै भनेको छ ।

**تَبَارَكَ ٱلَّذِي نَزَّلَ ٱلْفُرْقَانَ عَلَىٰ عَبْدِهِ لِيَكُونَ لِلْعَالَمِينَ نَذِيراً ۝ ٱلَّذِي لَهُ مُلْكُ ٱلسَّمَٰوَٰتِ وَٱلأَرْضِ وَلَمْ يَتَّخِذْ وَلَداً وَلَمْ يَكُن لَّهُ شَرِيكٌ فِي المُلْكِ وَخَلَقَ كُلَّ شَيْءٍ فَقَدَّرَهُ تَقْدِيراً۝**
**( الفرقان : آية رقم 1 -2 )**

**अर्थ :-** पवित्र छ त्यो (अल्लाह) जात जसले कुरआनलाई थोरै थोरै गरेर उतार्‍यो आफ्नो भक्तमाथि, जसले गर्दा (त्यो भक्त सारा संसारलाई डराउनेवाला बनोस्, र अल्लाहकै लागि आकाश र पृथवीको राज्यछ र उसले आफ्नो लागि कुनै सन्तान बनाएको छैन । र उसको राज्यमा उसको कोई शाझीदार छैन । र उसले हरेक वस्तुलाई जन्मायो अन्ततः त्यसको धेरै राम्रो अनुमान लगायो । र अल्लाहको आदेश छ ।

**مَا ٱتَّخَذَ ٱللَّهُ مِن وَلَدٍ وَمَا كَانَ مَعَهُ مِنْ إِلَـٰهٍ إِذاً لَّذَهَبَ كُلُّ إِلَـٰهٍ بِمَا خَلَقَ وَلَعَلاَ بَعْضُهُمْ عَلَىٰ بَعْضٍ سُبْحَانَ ٱللَّهِ عَمَّا يَصِفُونَ ۝ عَالِمِ ٱلْغَيْبِ وَٱلشَّهَادَةِ فَتَعَالَىٰ عَمَّا يُشْرِكُونَ ۝ فَلاَ تَضْرِبُواْ لِلَّهِ ٱلأَمْثَالَ إِنَّ ٱللَّهَ يَعْلَمُ وَأَنْتُمْ لاَ تَعْلَمُونَ ۝( المؤمنون : آية رقم 91-92 – النحل : آية رقم 74 )**

**अर्थ :-** अल्लाहले कसैलाई आफ्नो सन्तान बनाएको छैन र उसको साथमा कोही पूजनीय छैन नत्र प्रत्येक पूज्य आफूले बनाएकाहरूलाई लिएर जान्थे । र त्यस मध्ये एक अर्काको माथि चढाई गर्दथे । अल्लाह पवित्र छ ती सबै कुराहरूबाट

जुन उनीहरू उसको लागि गर्छन । ऊ प्रत्यक्ष र अप्रत्यक्षलाई निकै जान्नेवाला छ र ऊ उच्च छ ती सबै वस्तुबाट जसलाई उनीहरूले साझेदार ठहराउछन् । र तिमी अल्लाहको लागि कसैलाई उसको बराबरीवाला न ठहराऊ निःसंदेह अल्लाह जान्ने वाला छ र तिमीहरू जान्दैनौ । र अल्लाहले भनेको छ :

**قُلْ إِنَّمَا حَرَّمَ رَبِّيَ ٱلْفَوَاحِشَ مَا ظَهَرَ مِنْهَا وَمَا بَطَنَ وَٱلإِثْمَ وَٱلْبَغْيَ بِغَيْرِ ٱلْحَقِّ وَأَن تُشْرِكُواْ بِٱللَّهِ مَا لَمْ يُنَزِّلْ بِهِ سُلْطَاناً وَأَن تَقُولُواْ عَلَى ٱللَّهِ مَا لاَ تَعْلَمُونَ۝ ( الأعراف : آية رقم 33 )**

**अर्थ :-** भनिदिनुस् हे अल्लाहको रसूल ! कि मेरो पालनहारले वर्जित (हराम) गरेकोछ, त्यस निर्लज्जतालाई जुन लुकेको छ र त्यसलाई पनि जुन खुल्ला छ । र पापलाई र अन्यायलाई र अल्लाहको लागि कसैलाई साझेदार ठहराउनुलाई जसको लागि केही प्रमाण आएको छैन । र अल्लाह माथि त्यो कुरा गर्नु जसको लागि तिनीहरूलाई जानकारी छैन् । र अल्लाहले सात ठाउँमा अर्श माथि उच्च हुनुको विवरण कुर्आनमा दिएको छ ।

**ٱلرَّحْمَـٰنُ عَلَى ٱلْعَرْشِ ٱسْتَوَىٰ۝ ( طه : آية رقم 5 )**

**अर्थ :-** कृपा गर्नेवाला अर्श माथी उच्च भयो ।

**إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِي خَلَقَ ٱلسَمَٰوَٰتِ وَٱلأَرْضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ۝ (الأعراف : آية رقم 54 )**

**अर्थ :-** नि : सन्देह तिमीहरूको पालनहार अल्लाह हो । जसले आकाश र पृथ्वीलाई उत्पन्न गऱ्यो ६ दिनमा फेरि अर्श माथि उच्च भयो । र सूर : युनुसमा अल्लाहले भनेको छ ।

**إِنَّ رَبَّكُمُ ٱللَّهُ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۝ ( يونس : آية رقم 3 )**

**अर्थ :-** नि : सन्देह तिमीहरूको पालनहार अल्लाह हो । जसले आकाश र पृथ्वीलाई ६ दिनमा उत्पन्न गऱ्यो फेरि अर्शमाथि उच्च भयो । र अल्लाहले सूरः रअदमा भनेको छ ।

**ٱللَّهُ ٱلَّذِي رَفَعَ ٱلسَّمَٰوَٰتِ بِغَيْرِ عَمَدٍ تَرَوْنَهَا ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۝**

**(الرعد : آية رقم 2 )**

**अर्थ :-** त्यो अल्लाह नै हो जसले आकाशलाई बिना कुनै स्तम्भको रोकेको छ, जसलाई तिमीहरू देख्छौ । फेरि अर्शमाथि उच्च भयो । र अल्लाहले सूरः अल फुर्कानमा भनेको छ ।

ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ٱلرَّحْمَٰنُ ۝ **(الفرقان : آية رقم59 )**

**अर्थ :-** फेरि कृपागर्नेवाला अर्शमाथि उच्च भयो । र अल्लाहले सूरः अलिफ लाम मीम सजीदहमा भनेको छ

**ٱللَّهُ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ وَمَا بَيْنَهُمَا فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۝ ( السجدة : آية رقم 4 )**

**अर्थ :-** त्यो अल्लाह नै हो जसले आकाश र पृथ्वी र यी दुवैको बीचमा जे पनि छ ती सबैलाई उत्पन्न गऱ्यो, ६ दिनमा ,फेरि अर्शमाथि उच्च भयो र यस्तै सूरः अल हदीदमा अल्लाहले भनेको छ

**هُوَ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلْأَرْضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ ۝ ( الحديد : آية رقم 4 )**

**अर्थ :-** त्यो उही हो जसले आकाश र पृथ्वीलाई उत्पन्न गऱ्यो ६ दिन भित्र, फेरि अर्शमाथि उच्च भयो ।
र अल्लाहको यो फर्मान छ ।

**يَٰعِيسَىٰ إِنِّي مُتَوَفِّيكَ وَرَافِعُكَ إِلَيَّ ۝ بَل رَّفَعَهُ ٱللَّهُ إِلَيْهِ ۝ إِلَيْهِ يَصْعَدُ ٱلْكَلِمُ ٱلطَّيِّبُ وَٱلْعَمَلُ ٱلصَّالِحُ يَرْفَعُهُ ۝ يَٰهَامَانُ ٱبْنِ لِي صَرْحاً لَّعَلِّيٓ أَبْلُغُ ٱلأَسْبَابَ ۝ أَسْبَابَ ٱلسَّمَٰوَٰتِ فَأَطَّلِعَ إِلَىٰ إِلَٰهِ مُوسَىٰ وَإِنِّي لأَظُنُّهُ كَاذِباً ۝ ( آل عمران : آية رقم 55 – النساء : آية رقم 158 – فاطر : آية رقم 10 – غافر : آية رقم 36 – 37 )**

**अर्थ :-** हे ईसा (उहाँ माथि अल्लाहको कृपा होस्) निःसंदेह म तिम्रो संसारमा रहने अवधि पूरा गरी आफ्नो तर्फ उठाउने छु । बरु अल्लाहले उहाँलाई आफू तर्फ उठायो । त्यसैको तर्फ पवित्र कथनहरू चढछन् र राम्रो कार्य उसलाई उच्च गर्छन् । हे हामान तिमी मेरो लागि एउटा महल बनाऊ कदाचित म आकाशको ऊँचाईलाई पुग्न सकूँ र फेरि मुसा (उहाँ माथि अल्लाको कृपा होस्) को अल्लाहलाई हेरौं र म त्यसलाई झूठा समझन्छु । र अल्लाहको कथन छ ।

**ءَأَمِنتُمْ مَّن فِي ٱلسَّمَآءِ أَن يَخْسِفَ بِكُمُ ٱلأَرْضَ فَإِذَا هِيَ تَمُورُ۝ أَمْ أَمِنتُمْ مِّن فِي ٱلسَّمَآءِ أَن يُرْسِلَ عَلَيْكُمْ حَاصِباً فَسَتَعْلَمُونَ كَيْفَ نَذِيرِ ۝ هُوَ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلأَرْضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسْتَوَىٰ عَلَى ٱلْعَرْشِ يَعْلَمُ مَا يَلِجُ فِي ٱلأَرْضِ وَمَا يَخْرُجُ مِنْهَا وَمَا يَنزِلُ مِنَ ٱلسَّمَآءِ وَمَا يَعْرُجُ فِيهَا وَهُوَ مَعَكُمْ أَيْنَ مَا كُنتُمْ وَٱللَّهُ بِمَا تَعْمَلُونَ بَصِيرٌ۝ ( الملك :آية رقم 16-17 – الحديد : آية رقم 4 )**

**अर्थ :-** के तिमीहरू त्यस जात (अल्लाह) बाट निडर भई हाल्यो जुन आकाशमा छ, त्यो तिमीहरूलाई पृथ्वी भित्र धंसाउन सक्छ । यस अवस्थामा कि त्यो पृथ्वी बेस्री हल्ली रहेको हुन्छ । र के तिमी त्यस अल्लाहबाट निडर भयौ जुन आकाशमा छ कि तिमीहरू माथि यस्तो आँधी पठाओस्, जस भित्र सानो ढुँगा होस्, फेरि तिमीहरूलाई यो थाहा हुन्छ कि त्यो कस्तो डराउनेवाला छ । र यो त्यही अल्लाह हो जसले आकाश र पृथ्वीलाई उत्पन्न गऱ्यो ६ दिन भित्र फेरि अर्श माथि उच्च भयो ऊ जान्दछ (त्यसलाई थाहा छ) ती सबै वस्तुहरूलाई जुन पृथ्वीमा प्रवेश गर्छन् र उसलाई पनि जुन त्यसबाट निस्कन्छन् र त्यसलाई पनि जुन आकाशबाट झर्छन् र त्यसलाई पनि जुन आकाशमा चढछन् र त्यो तिमीहरूको साथमा छ तिमी जहाँ पनि हुन्छौ, र अल्लाह ती सबै कार्यलाई पनि हेरीराखेको छ जुन तिमीहरू गर्छौ । र अल्लाहको भनाई छ :

**مَا يَكُونُ مِن نَّجْوَىٰ ثَلاَثَةٍ إِلاَّ هُوَ رَابِعُهُمْ وَلاَ خَمْسَةٍ إِلاَّ هُوَ سَادِسُهُمْ وَلاَ أَدْنَىٰ مِن ذَلِكَ وَلاَ أَكْثَرَ إِلاَّ هُوَ مَعَهُمْ أَيْنَ مَا**

كَانُواْ ثُمَّ يُنَبِّئُهُم بِمَا عَمِلُواْ يَوْمَ ٱلْقِيَامَةِ إِنَّ ٱللَّهَ بِكُلِّ شَيْءٍ عَلِيمٌ ۝ لَا تَحْزَنْ إِنَّ ٱللَّهَ مَعَنَا ۝( المجادلة : آية رقم 7 – التوبة : آية رقم 40 )

**अर्थ :-** तीन जना कुरा गर्छन मसिनो स्वरमा भने चौथो अल्लाह हुन्छ र पाँचजना छन् भने तिनी मध्ये छठौं अल्लाह हुन्छ, र यस भन्दा कम अथवा यस भन्दा अधिक हुन्छन तब पनि अल्लाह उनको साथमा हुन्छ जता पनि उनी हुन्छन (त्यो साथमा नै हुन्छ), र प्रलयको दिन उनीहरूलाई त्यो सबै कार्य बताउँछ जसलाई उनीहरू गरेका छन् । निःसंदेह अल्लाह हरेकलाई जान्ने वाला छ (अतिज्ञानी छ) चिंतित न होऊ निःसंदेह अल्लाह हामीहरूको साथमा छ । र अल्लाहको भनाई छ :

إِنَّنِي مَعَكُمَآ أَسْمَعُ وَأَرَىٰ ۝ إِنَّ ٱللَّهَ مَعَ ٱلَّذِينَ ٱتَّقَواْ وَّٱلَّذِينَ هُم مُّحْسِنُونَ ۝ وَٱصْبِرُوٓاْ إِنَّ ٱللَّهَ مَعَ ٱلصَّابِرِينَ ۝ كَم مِّن فِئَةٍ قَلِيلَةٍ غَلَبَتْ فِئَةً كَثِيرَةً بِإِذْنِ ٱللَّهِ وَٱللَّهُ مَعَ ٱلصَّابِرِينَ۝ ( طه : آية رقم 46 – النحل: آية رقم 128 – الأنفال : آية رقم 46 – البقرة : آية رقم 249 )

**अर्थ :-** निःसंदेह म तिमी दुवै जनाको साथमा छु म सुनी राखे छु र हेरीरहेका छु । निःसंदेह अल्लाह उनीहरूको साथमा छ जुन अल्लाहसित डराउछन् र जुन एहसान (परोपकार) गर्छन र तिमीहरू सन्तोष गर निःसंदेह अल्लाह सन्तोष गर्नेहरूको साथमा छ । र कतिपय सानो समूह ठूलो समूह माथि प्रभावी ( विजयी) हुन्छन् अल्लाहको आज्ञाबाट र अल्लाह सन्तोष गर्नेहरूको साथमा छ । र अल्लाहको फमार्न छ :

وَمَنْ أَصْدَقُ مِنَ ٱللَّهِ حَدِيثاً ۝ وَمَنْ أَصْدَقُ مِنَ ٱللَّهِ قِيلاً ۝ وَإِذْ قَالَ ٱللَّهُ يٰعِيسَى ٱبْنَ مَرْيَمَ ۝ وتَمَّتْ كَلِمَتُ رَبِّكَ صِدْقاً وَعَدْلاً ۝ ( النساء : آية رقم 87 – النساء : آية رقم 122 – المائدة : آية رقم 116 – الأنعام : آية رقم 115 )

**अर्थ :-** र कुरा गर्नुमा कुन अल्लाह भन्दा साँचो छ ? र कसको कुरा अल्लाह भन्दा साँचो छ । र जब अल्लाहले भन्नु भयो हे ईसा बिन मरियम । र अल्लाहको कुरो पूर्ण सच्चाईमा निर्भर छ (खबर दिनुमा) र पूर्ण इन्साफमा निर्भर छ ( हुकुमदिनमा) । र अल्लाहको फर्मान छ ।

وَكَلَّمَ ٱللَّهُ مُوسَىٰ تَكْلِيماً ۝ مِّنْهُمْ مَّن كَلَّمَ ٱللَّهُ ۝ وَلَمَّا جَآءَ مُوسَىٰ لِمِيقَاتِنَا وَكَلَّمَهُ رَبُّهُ ۝ وَنَادَيْنَاهُ مِن جَانِبِ ٱلطُّورِ ٱلأَيْمَنِ وَقَرَّبْنَاهُ نَجِيّاً ۝ ( النساء : آية رقم 164 – البقرة : آية رقم 253 – الأعراف : آية رقم 143 – مريم : آية رقم 52 )

**अर्थ :-** र अल्लाहले मूसासँग धेरै कुरा गर्नु भयो । तिमी मध्ये कति छन् जससँग अल्लाहले कुरा गऱ्यो । र जब मूसा हामीसित भेटघाट गर्नको लागि आए तब उनको पालनहार उनीसित कुरा गरे । र हामीले उनलाई बोलाए तूर (पहाड) को दाहिना छेउमा, र हामिले उनलाई अलि नजिक गरें मसिनो स्वरमा कुरा गर्नको लागि ।
र अल्लाहको कथन छ :

وَإِذْ نَادَىٰ رَبُّكَ مُوسَىٰٓ أَنِ ٱئْتِ ٱلْقَوْمَ ٱلظَّٰلِمِينَ ۝ وَنَادَاهُمَا رَبُّهُمَآ أَلَمْ أَنْهَكُمَا عَن تِلْكُمَا ٱلشَّجَرَةِ ۝ ( الشعراء : آية رقم 10 – الأعراف : آية رقم 22 )

**अर्थ :-** र जब तिम्रो पालनहारले मूसालाई बोलाउनु भयो कि तपाई अत्याचारीहरूको समूहमा जाऊ। र उनको पालनहारले उनी दुवै जनालाई बोलाउनु भयो कि के मैले तिमी दुवै जनालाई त्यस रुखबाट रोकेको थिएन । र अल्लाहले भनेको छ ।

وَيَوْمَ يُنَادِيهِمْ فَيَقُولُ مَاذَآ أَجَبْتُمُ ٱلْمُرْسَلِينَ ۝ وَإِنْ أَحَدٌ مِّنَ ٱلْمُشْرِكِينَ ٱسْتَجَارَكَ فَأَجِرْهُ حَتَّىٰ يَسْمَعَ كَلَٰمَ ٱللَّهِ ۝ وَقَدْ كَانَ فَرِيقٌ مِّنْهُمْ يَسْمَعُونَ كَلَٰمَ ٱللَّهِ ثُمَّ يُحَرِّفُونَهُ مِن بَعْدِ مَا عَقَلُوهُ وَهُمْ يَعْلَمُونَ ۝ يُرِيدُونَ أَن يُبَدِّلُوا۟ كَلَٰمَ ٱللَّهِ قُل لَّن تَتَّبِعُونَا كَذَٰلِكُمْ قَالَ ٱللَّهُ مِن قَبْلُ ۝ وَٱتْلُ مَآ أُوْحِيَ إِلَيْكَ مِن كِتَابِ رَبِّكَ لاَ مُبَدِّلَ لِكَلِمَاتِهِ ۝ ( القصص : آية رقم 65 – التوبة : آية رقم 6 – البقرة : آية رقم 75 – الفتح : آية رقم 15 – الكهف : آية رقم 27 )

**अर्थ :-** र त्यस दिन त्यो उनीहरूलाई बोलाउँछ र भन्छ तिमीहरू हाम्रो दूतहरूलाई के उत्तर दिएका थियौ । र यदि मुश्रिकहरू (बहुदेववादीहरू) मध्ये कोही तपाईको शरण चाहन्छ भने त्यसलाई शरण देऊ त्यसबखत सम्म कि त्यो अल्लाहको कलाम (वाणी) सुनोस् ।

र निश्चित नै तिनी मध्ये एउटा ग्रूप (समूह) अल्लाहको कलाम (वाणी) सुन्थ्यो फेरि त्यसलाई बुझेर पनि त्यसमा हेरफेर गर्दथ्यो यस्तो अवस्थामा कि उनीहरू जान्दथे (कि हामी हेरफेर गरी रहेका छौं ) उनीहरू चाहन्छन कि अल्लाहको कलाम (वाणि) लाई परिवर्तन गरौ, भनी दिनुस् हे अल्लाहको रसूल ! कि तिमीहरू यस्तो हाम्रो पछाडी न आऊ यो अल्लाहले पहिले नै भनिदिएको छ । र तिलावत गर हे अल्लाहको रसूल ! त्यस किताबको जुन तिमी माथि (वह्य) उतारी रहेछ । र त्यसको वाणीलाई कसैले पनि परिवर्तनगर्न सक्दैन । र अल्लाहको भनाई छ ।

**إِنَّ هَـٰذَا ٱلْقُرْآنَ يَقُصُّ عَلَىٰ بَنِيٓ إِسْرَائِيلَ أَكْثَرَ ٱلَّذِي هُمْ فِيهِ يَخْتَلِفُونَ ۝ وَهَـٰذَا كِتَٰبٌ أَنزَلْنَٰهُ مُبَارَكٌ ۝ لَوْ أَنزَلْنَا هَـٰذَا ٱلْقُرْآنَ عَلَىٰ جَبَلٍ لَّرَأَيْتَهُ خَاشِعاً مُّتَصَدِّعاً مِّنْ خَشْيَةِ ٱللَّهِ ۝ وَإِذَا بَدَّلْنَآ آيَةً مَّكَانَ آيَةٍ وَٱللَّهُ أَعْلَمُ بِمَا يُنَزِّلُ قَالُوٓاْ إِنَّمَآ أَنتَ مُفْتَرٍ بَلْ أَكْثَرُهُمْ لاَ يَعْلَمُونَ۝ ( النمل : آية رقم 76 – الأنعام : آية رقم 92,155 - الحشر : آية رقم 21 – النحل : آية رقم 101 )**

**अर्थ :-** निःसंदेह यो कुरआन ती सबै कुराहरूलाई स्पष्ट गर्छ जसमा बनी इसराईलको झगडा(मतभेद) छ । र यो किताब ( कुरआन) जसलाई हामीले अवतरित गरें पवित्र छ ( बरकतवाला छ) । यदि हामीले यस कुरआनलाई पहाडमाथि अवतरित गरेको भए त्यो पहाड अल्लाहको भयले टुक्रा टुक्रा भईहाल्थ्यो र जब हामी एक आयतको ठाउँमा अर्को अयतलाई परिवर्तित गर्छौं र अल्लाह धेरै ज्ञानी छ जुन त्यो अवतरित गर्छ । उनीहरू भन्छन कि तिमी गढनेवाला हौं तर उनी मध्ये धेरै जनालाई थाहा छैन । र अल्लाहले भन्छ :

**قُلْ نَزَّلَهُ رُوحُ ٱلْقُدُسِ مِن رَّبِّكَ بِٱلْحَقِّ لِيُثَبِّتَ ٱلَّذِينَ آمَنُواْ وَهُدًى وَبُشْرَىٰ لِلْمُسْلِمِينَ ۝ وَلَقَدْ نَعْلَمُ أَنَّهُمْ يَقُولُونَ إِنَّمَا يُعَلِّمُهُ بَشَرٌ لِّسَانُ ٱلَّذِي يُلْحِدُونَ إِلَيْهِ أَعْجَمِيٌّ وَهَـٰذَا لِسَانٌ عَرَبِيٌّ مُّبِينٌ ۝ ( النحل : آية رقم 102-103 )**

**अर्थ :-** भनिदिनुस् हे अल्लाहका रसूल ! कि तिम्रो पालनहारको तर्फबाट यस (कुरआन) लाई लिएर जिबरील (उहाँ माथि अल्लाहको कृपाहोस्) उतरेका छन् सत्यताको साथ, ताकि ईमानवालाहरूलाई उनको ईमानमा अटल (सुदृढ) राखोस्, र यो (कुरआन) हिदायत (पथप्रदर्शक) र बशारत (खुशीको खबर-शुभ समाचार) हो मुस्लिमहरूको लागि । र निश्चित नै हामीलाई थाहा छ कि उनीहरू भन्छन् कि उनलाई एउटा मनुष्य सिकाउँछ र उनीहरू जसको तर्फ यस ( कुरआन) लाई संकेत गर्छन त्यसको भाषा अरबी बाहेक (अजमी) छ, र यो ( कुर्आन) स्पष्ट अरबी भाषामा छ । र अल्लाहले भन्यो ।

**وُجُوهٌ يَوْمَئِذٍ نَّاضِرَةٌ ۝ إِلَىٰ رَبِّهَا نَاظِرَةٌ ۝ عَلَى ٱلأَرَآئِكِ يَنظُرُونَ ۝ لِّلَّذِينَ أَحْسَنُواْ ٱلْحُسْنَىٰ وَزِيَادَةٌ ۝ ( القيامة : آية رقم 22-23 – المطففين : آية رقم 23,35 – يونس : آية رقم 36 )**

**अर्थ :-** कतिपय अनुहार त्यसदिन ताजा (प्रफुल्लित) हुन्छन् र आफ्नो पालनहारको तर्फ हेरी रहनेछन् । उनीहरू टेक लगाएर हेरीरहन्छन् । जसले भलाईको कार्य गरे तिनको लागि स्वर्ग ( जन्नत) छ र त्यस भन्दा पनि अधिक छ । र अल्लाहको फर्मान छ :

لَهُم مَّا يَشَآءُونَ فِيهَا وَلَدَيْنَا مَزِيدٌ۝ ( ق : آية رقم 35 )

**अर्थ :-** र तिनीहरूको लागि त्यो सप्पै हुन्छ जुन त्यो चाहन्छन् र हामी अरु धेरै दिन्छौँ (त्यस बाहेक) ।
अल्लाहको सिफात (गुणहरू) अल्लाहको किताबमा (कुरआनमा) धेरै छन् र जो कुरआन भित्र बिचार गर्छ सोझो मार्गको खोजमा, त्यसको लागि साँचो र सोझो मार्ग स्पष्ट हुनेछ ।

# अध्याय

## (रसूलको सुन्नत कुरआनको व्याख्या हो)

(सुन्नहः (सुन्नत) को अर्थ  मोहम्मद उहाँ माथि अल्लाहको शन्तिहोस्) को कौल (कुराहरू) फेअल (कार्यहरू) र तकरीर ( त्यो कार्य जसलाई रसूलको साथीहरूले गरे र रसूलले त्यसलाई रोक्नु भएन अथवा त्यसको सराहना गर्नु भयो त्यसलाई तकरीर भन्छन्) र सिफातहुल खलकिया वा खुलुकियाः लाई भनिन्छ । आर्थत सिफतहुल खुलुकिया मोहम्मद (उहाँ माथि शान्ति होस्) कस्तो व्यवहार गर्छन तिनको रहन सहन कस्तो छ त्यसलाई भन्छन् र सिफतहुल खलकिया मोहम्मद (उहाँ माथि शान्ति होस्) कस्तो छन् उहाँ को अनुहार कस्तो छ, उहाँको केस कस्तो छ आदि लाई सिफतहुल खलकिया भनिन्छ । र यसलाई हदीस पनि भनिन्छ कुनै ठाउँमा पनि रसूल अथवा नबीको सुन्नत भन्दा खेरी यो अर्थ नै हुन्छ । जुन मैले माथि लेखेको छु ।

फेरि रसूलले (उहाँ माथि शान्ति होस्) सुन्नतमा अल्लाहको सिफातलाई प्रष्टगर्नु भएको छ, र सुन्नत कुरआनको व्याख्या गर्छ र त्यस माथि प्रमाण दिन्छ र त्यसको अर्थलाई (वर्णन) गर्छ । रसूल (उहाँ माथि शान्ति होस्) ले जुन सिफातलाई आफ्नो पालनहारको लागि वर्णन गर्नु भएछ र त्यो सही हदीसबाट साबित (प्रमाणित) छ र त्यसलाई उम्मतले कबूल गरेका छन् त्यस माथि ईमान ल्याउन अनिवार्य छ । त्यसै हदीसहरूमा रसूल (उहाँ माथी शान्ति होस) को वर्णन छ ।

**ينزل ربنا إلى السماء الدنيا كل ليلة حين يبقى ثلث الليل الآخر ، فيقول : من يدعوني فأستجيب له ؟ من يسألني فأعطيه ، من يستغفرني فأغفرله؟ (متفق عليه)**

**अर्थ :-** हाम्रो पालनहार प्रत्येक राती दुनियाँसित नजिकको आकाशमा (संसारीय आकाशमा) अवतरित हुन्छ रातीको अन्तिम तेस्रो प्रहारमा र भन्छ कुन म सित दुवा गर्छ (मलाई बोलाउँछ) म त्यसलाई सुनूँ र कुन म सित माँगछ म त्यसलाई दिऊँ र कुन म सित माफी माँगछ म त्यसलाई माफ गँरू । ( बुखारी, मुस्लिम) र रसूल (उहाँ माथि शान्तिहोस्) ले भन्नु भयो ।

**لله أشد فرحا بتوبة عبده المؤمن التائب من أحدكم براحلته (متفق عليه)**

**अर्थ :-** अल्लाह तौबा (प्रायश्चित) गर्ने मोमिन भक्तसित त्यस भन्दा धेरै प्रसन्न हुन्छ जति एउटा मान्छे आफ्नो हराएको सवारीलाई पाएर प्रसन्न हुन्छ अर्थात यस्तो ठाउँमा जहाँ त्यो निश्चित नै मर्नेछ किन कि त्यहाँ खाना पानी केही पनि छैन त्यस बखत त्यसको सवारी त्यसको सम्पूर्ण धन सम्पत्ति लिएर हराए पछि मिल्छ भने त्यस व्यक्तिलाई जति प्रसन्नता हुन्छ त्यस भन्दा धेरै प्रसन्नता अल्लाहलाई अफ्नो मोमिन भक्तको तौबाबाट हुन्छ । (बुखारी मुस्लिम)
र रसूलुल्लाहले भन्नु हुन्छ ।

**يضحك الله إلى رجلين يقتل أحدهما الآخر كلاهما يدخل الجنة (متفق عليه)**

**अर्थ :-** अल्लाह हाँसछ ती दुई जना माथि जुन मध्ये एकले अर्कालाई बध गर्छ, र दुबै जना स्वर्गमा जान्छन् । (बुखारी, मास्लिम) र रसूलले भन्नु भयो ।

**عجب ربنا من قنوط عباده وقرب خيره ، ينظر إليكم أزلين قنطين ، فيظل يضحك يعلم أن فرجكم قريب(حديث حسن)**

**अर्थ :-** हाम्रो पालनहार आफ्नो भक्तहरूको उदासी (मायूसी) र भलाईको निकट्ता माथि आशचर्य प्रकट गर्छ, त्यो तिमीहरूलाई उदास र दु:खी हेर्छ तब त्यो हाँसछ किनकी त्यसलाई थाहा छ कि तिमीहरूको आसानी (सुगम्ता) अति नजिक छ : (यो हदीस हसन छ) र रसूलले भन्नु हुन्छ :

**لاتزال جهنم يلقى فيها وهي تقول: هل من مزيد؟ حتى يضع رب العزة فيها رجله ( وفي رواية : عليها قدمه) فينزوي بعضها إلى بعض ، فتقول قط قط (متفق عليه)**

**अर्थ :-** लगातार नर्कमा हालिन्छ र त्यो नर्क भन्छ के अरु छ ? यहाँ सम्म कि पालनहार त्यसमा आफ्नो खुट्टा राखछन् तब त्यो (नर्क) सिकुडिनेछ (खुम्चिनेछ) र भन्छ बस बस (भयो भयो) (बुखारी मस्लिम) र उहाँ सल्लल्लाहो अलैहे वसल्लमको भनाई छ :

**يقول تعالى : يا آدم ! فيقول : لبيك و سعديك . فينادي بصوت:إن الله يأمرك أن تخرج من ذريتك بعثا إلى النار (متفق عليه)**

**अर्थ :-** महान अल्लाह भन्छ ! हे आदम ! (उहाँ माथी अल्लाहको कृपाहोस्) तब आदम भन्छन् हे अल्लाह ! म हाजिर छु (उपस्थित छु) फेरि ठूलो स्वरमा भन्निछ, निसन्देह अल्लाह तपाईलाई अज्ञा दिन्छ कि आफ्नो सन्तान मध्येबाट आगो (

नर्क) को हिस्सा (भाग) निकाल्नुस् । (बोखारी मुस्लिम) र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो ।

**ما منكم من أحد إلا سيكلمه ربه وليس بينه وبينه ترجمان**

**अर्थ :-** तिमीहरू मध्ये हरेक व्यक्तिसित अल्लाह कुराकानी गर्नेछन् , यस अवस्थामा कि उनी र उनको पालनहारको बीचमा कोही अनुवादक हुदैन ।
र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले विरामीको दुआको लागि भन्नु भयो

**ربنا الله الذي في السماء ، تقدس اسمك ، أمرك في السماء والأرض ، كما رحمتك في السماء اجعل رحمتك في الأرض، اغفر لنا حوبنا وخطايانا ، أنت رب الطيبين ، أنزل رحمة من رحمتك ، وشفاء من شفائك على هذا الوجع فيبرأ (حديث حسن رواه أبو داود)**

**अर्थ :-** हे हाम्रो पालनहार अल्लाह ! तिम्रो नाम (पवित्र) छ र तिम्रो हुकुम आकाश र पृथ्वीमा लागूछ, जस्तो कि तिम्रो कृपा आकाशमा छ त्यस्तै पृथ्वीमा पनि अवतरित गर । हाम्रो पाप र त्रुटिलाई माफ गर तिमी राम्रो (सज्जन) मनुष्यहरूको पालनहार छौ । आफ्नो कृपाबाट कृपागर र आफ्नो रोगमुक्ति बाट केही शिफा (स्वस्थकर) यस विरामी माथि गर, जुन यो दुआ गर्छ ऊ सन्चो हुनेछ । (यो हदीस हसन छ र अबुदाऊद ले रिवायत गर्नु भयो) र उहाँ सल्लाहलाहो अलैहे वसल्लमको भनाई छ ।

**ألا تأمنوني وأنا أمين من في السماء (حديث حسن)**

**अर्थ :-** के तिमीहरू मलाई ईमानदार बुझ्दैनौ जबकि म त्यस जातको नजिक ईमान्दर छु जुन आकाशमा छ । (यो सही हदीस छ) र उहाँले भन्नु भयो ।

**والعرش فوق الماء ، والله فوق العرش ، وهو يعلم ما أنتم عليه (حديث حسن)**

**अर्थ :-** र अर्श पानी माथि छ र अल्लाह अर्श माथि छ, र उसलाई थाहा छ तिमीहरूको हाल खबरको बारेमा । (यो हदीस हसन र यसलाई अबुदाऊदले रिवायत गर्नु भएछ । र उहाँ सल्लल्लाहो अलैहे वसल्लमले बाँदी (दासी)सित प्रश्न गर्नु भयो ।

**أين الله ؟ قالت: في السماء. قال: من أنا ؟ قالت : أنت رسول الله . قال: أعتقها فإنها مؤمنة (رواه مسلم)**

**अर्थ :-** अल्लाहको रसूल (उहाँ माथि शान्ति होस्) ले प्रश्न गर्नु भयो, अल्लाह कहाँ छ ? त्यसले भन्यो आकाशमा, तपाई ले भन्नु भयो म को हूँ ? त्यसले भन्यो तपाई अल्लाहको रसूल हुनुहुन्छ , तपाईले भन्नु भयो ,त्यसलाई स्वतन्त्र गरि दिनुस् किन कि निःसन्देह त्यो अल्लाह माथि आस्था राख्छे । ( यसहदीसलाई मुस्लिमले रिवायत गरेछन् ) उहाँ सल्लल्लाहो अलैहे बसल्लमको भनाई छ ।

**أفضل الإيمان أن تعلم أن الله معك حيثما كنت (حديث حسن)**

**अर्थ :-** अति (अफजल) उत्तम ईमान (आस्था) यो हो कि तपाई यो बुझ्नुस् कि तपाई जहाँ पनि हुन्छौ अल्लाह तिम्रो साथमा हुन्छ (यो हदीस हसन छ ) र उहाँ सल्लल्लाहो अलैहे बसल्लमले भन्नु भएछ ।

**إذ قام أحدكم إلى الصلاة ، فلا يبصقن قبل وجهه ، ولا عن يمينه ، فإن الله قبل وجهه ، ولكن عن يساره ، أو تحت قدمه (متفق عليه)**

**अर्थ :-** जब तिमीहरू मध्ये कोही नामजको लागि उभिन्छ तब आफ्नो अगाडी न थुकोस् र न आफ्नो दायाँ तर्फ थुकोस् किन कि निः संदेह अल्लाह अगाडी नै हुन्छ, र आफनो बाँयातर्फ अथवा अफ्नो खुट्टाको तल थुकोस् (बुखारी, मुस्लिम) र उहाँको फर्मान छ ।

**اللهم رب السموات السبع والأرض ورب العرش العظيم ، ربنا ورب كل شيء ، فالق الحب والنوى ، منزل التوراة والإنجيل والقرآن ، أعوذبك من شر نفسي ومن شر كل دابة أنت آخذ بناصيتها ، أنت الأول فليس قبلك شيء ، وأنت الآخر فليس بعدك شيء ، وأنت الظاهر فليس فوقك شيء ، وأنت الباطن فليس دونك شيء ، اقض عني الدين وأغنني من الفقر (رواه مسلم)**

**अर्थ :-** हे अल्लाह सातौं आकाश र पृथ्वीको पालनहार र महान अर्शको पालनहार हाम्रो पालनहार र प्रत्येक वस्तुको पालनहार दाना (बीऊ) र गुठली (गेंडा) लाई उब्जाउने वाला तौरात ईन्जील र कुरआनलाई अवतरित गर्नेवाला, म तिम्रो शरण चाहन्छु, आफ्नो इच्छाको बुराई र सबै जनावरको बुराईबाट

तिमी त्यसको पेशानी (निधार) थामनेवाला छौ, तिमी पहिला हौ तिमी भन्दा पहिलो कोई छैन र तिमी अन्त हौ तिमी पश्चात कोई छैन ! र तिमी उपस्थित हो तिमी भन्दा माथि कोही छैन र तिमी गोप्य हौ तिमी बाहिक कोही छैन तिमी मेरो कर्जालाई भुक्तान गरिदेऊ र मलाई गरिबीबाट मुक्त गर । (यस हदीसलाई मुस्लिमले रिवायत गर्नु भएछ ) र तपाईको भनाई छ जब सहाबहरूले आफ्नो स्वरलाई ठूलो गर्नु भयो दुआको लागि

**أيها الناس ! اربعوا على أنفسكم ، فإنكم لا تدعون أصم ولا غائبا ، إنما تدعون سميعا بصيرا قريبا . إن الذي تدعونه أقرب إلى أحدكم من عنق راحلته (متفق عليه)**

**अर्थ :-** हे मानव जातिहरू आफूलाई कष्टमा नहाल, निःसंदेह तिमीहरू बहिरो, लाटो र लुप्तलाई बोलाउदैनौ, निःसन्देह तिमी सुन्नेवाल एंव हेर्नेवालालाई वोलाउछौ, जुन धेरै नै नजिक छ, निःसंदेह जसलाई तिमीहरू बोलाउछौ त्यो महान शक्तिवाला तिमीसित तिम्रो सवारीको गर्दन भन्दा धेरै नजिक छ, (वुखारी मुस्लिम) र तपाईले भन्नु भयो :

**إنكم سترون ربكم كما ترون القمر ليلة البدر ، لا تضامون في رؤيته ، فإن استطعتم أن لا تغلبوا على صلاة قبل طلوع الشمس وصلاة قبل غروبها ، فافعلوا (متفق عليه)**

**अर्थ :-** र तिमीहरू निकट भविष्यमा नै आफ्नो पालनहारलाई हेर्नेछौ जसरी तिमी पूर्णीमाको रात्री चन्द्रलाई हेर्छौ र त्यसलाई हेर्नमा तिमी भीड भाड गर्दैनौ । र यदि तिमी सक्छौ भने सकेसम्म सूर्योदयको अघि र सूर्य अस्तको पश्चातको नमाजलाई अनिवार्यता पूर्वक पढ (वुखारी मुस्लिम)

र यसै जस्तो धेरै हदीसहरूमा रसूल (उहाँ माथि शान्ति होस्) ले हामीलाई खबर दिनु भएको छ, आफ्नो पालनहारबाट र निःसन्देह मुक्ति पाउनेवाला समूह  अहलुस्सुनह वलजमाअः यस माथि यस्तै आस्था (ईमान) राख्छन् जस्तो कि अल्लाहको किताब कुरआन माथि राख्छन् कुनै कमी बेसी नगरी र कुनै रद्दोबदल (थप घट) नगरी बरु यिनीहरू सबै भन्दा राम्रो छन् उम्मतको अरु समूहहरू मध्ये जस्तो कि यो उम्मत सबै भन्दा राम्रो उम्मत (समुदाय) हो, र यिनीहरू अर्थात अहले सुन्नत वल जमाअत बीचमा छन् अल्लाहको सिफातको बारेमा जहमीया अथवा मुशब्बहाको बीचमा र अल्लाहको कार्यहरूका बारेमा जवरिया र कदरीयाको बीचमा छन् र अल्लाहको फटकारको (धिक्कार) बारेमा मुरजीया र वअीदीयाको बीचमा छन् र ईमान र धर्मको नाउँको बारेमा होरूरीया मोअतजेला र मुरजीया जहमीयाको बीचमा छन र सहाबाको बारेमा राफेजीया र खवारीजको बीचमा छन् । अर्थात उनको आस्था उपरोक्त समूहहरूको तूल्नामा सन्तूलित छ ।

**जहमियाः-** यीनीहरू अल्लाहको (सिफात) गुणहरूलाई मान्दैनन् अथार्त अल्लाहको सिफातको इन्कार गर्छन् ।

**भुशब्बहाः:-** अल्लाहको सिफातलाई मनुष्यको सिफात जस्तो भन्छन्

**जबरीयः :-** मजबूर भन्छन् अथार्त यो भन्छन् कि भनुष्य केही गर्न  सक्दैन सबै अल्लहको हातमा छ

**मोअतजेलः :-** यीनीहरू तकदीर (भाग्य) को इन्कार गर्छन र भन्छन अल्लहले बुराईलाई जन्माएको छैन् ।

**कदरीयः :-** यीनीहरू भन्छन् कि पापीलाई दण्ड दिनु अनिवर्य छ ।

**मुरजियाः :-** यीनीहरू भन्छन् कि ईमानको साथ पाप केही हानि पुऱ्याउदैन ।

**वईदीयः :-** यीनीहरू भन्छन् अल्लाह माथि यो अनिवार्य छ कि पाप गर्नेलाई दण्ड दिउन् । र पुण्यको कार्य गर्नेलाई सवाब (पुण्य) दिउन र अल्लाहको लागी यो जायज छैन कि पापीलाई माफ गरोस् ।

**खवारिजः/होरूरियाः :-** यिनीहरू भन्छन् जसले गुनाह (ठूलो पाप) : गर्यो त्यो काफिर भयो, र हजरत अली र उनको साथीहरूलाई गाली गर्छन ।

**राफेजाः :-** यीनीहरू सहाबालाई गाली गर्छन् र सहाबालाई काफिर मान्छन् ।

# अध्याय

## अल्लाह अर्श माथि उच्च छ ।

र यो पनि अल्लाह माथि अस्था राख्नुमा शामिल छ कि हामी ईमान (आस्था) राखौं कि अल्लाह आकाशहरू माथि अर्श माथि उच्च छ आफूले जन्माएको सृष्टिबाट भिन्न छ र सृष्टि (मखलूक)ले जे पनि गर्छन् त्यसलाई हेर्छ र जहाँ पनि हुन्छन् अल्लाह उनीहरूको साथ हुन्छ
यो अल्लाहले पवित्र कुरआनमा भन्नु हुन्छ ।
र रसूलको सुन्नतबाट प्रमाणित छ र यसै माथि उम्मतको सहमति र ईमान छ । अल्लाहले भन्छ ।

**هُوَ ٱلَّذِي خَلَقَ ٱلسَّمَٰوَٰتِ وَٱلۡأَرۡضَ فِي سِتَّةِ أَيَّامٍ ثُمَّ ٱسۡتَوَىٰ عَلَى ٱلۡعَرۡشِۖ يَعۡلَمُ مَا يَلِجُ فِي ٱلۡأَرۡضِ وَمَا يَخۡرُجُ مِنۡهَا وَمَا يَنزِلُ مِنَ ٱلسَّمَآءِ وَمَا يَعۡرُجُ فِيهَاۖ وَهُوَ مَعَكُمۡ أَيۡنَ مَا كُنتُمۡۚ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ بَصِيرٞ ۝ ( الحديد : آية رقم 4 )**

**अर्थ :-** त्यो अल्लाह त्यही जात हो जसले (जमीन) पृथ्वी र आकाशलाई उत्पन्न गर्‍यो ६ दिनमा फेरि अर्श माथि उच्च भयो, र त्यसलाई थाहा छ जुन पृथ्वी भित्र प्रवेश गर्छ र जुन पृथ्वीबाट निस्कन्छ र जुन आकाशबाट झर्छ र जुन आकाशमा चढछ र त्यो मितीहरूको साथमा छ तिमी जहाँ पनि हुनछौ र अल्लाह त्यो सबै हेरी रहेछ जुन तिमी गर्छौ ।
र तिमीहरूको साथ छ यसको यो अर्थ होइन कि अल्लाह सृष्टिको साथ मिलेको छ, साथ हुनुको यस्तो अर्थ (शब्दकोषमा छैन । चन्द्र अल्लाहको निशनीहरू मध्ये एउटा सानो सृष्टि हो र त्यो आकाशमा छ, तर यात्री र गैर यात्रीको साथ हुन्छ , र त्यस्तै त्यो पवित्र जात आफ्नो अर्श माथि छ र आफ्नो सृष्टिहरूको हेरचाह पनि गर्छ, उनी माथि सर्वशक्ति सम्पन्न

छ, र उसलाई उनीहरूको ज्ञान छ, यस्तै सबै अर्थ र व्याख्या त्यस पालनहारको पालनहारीय शाक्तिसित जुडेको छ । र यो सबै कुरो जसलाई अल्लाहले वर्णन गरेको छ, जस्तो त्यो अर्श माथि छ, र हामीहरूको साथ छ केवल सच्चाई (सत्यता ) मा निर्भर छ,  त्यसमा कुनै थप घटको अवश्यकता छैन,  तर बातिल (व्यर्थ) अनुभवबाट बाँचनु अवश्यक छ । जस्तो यो अनुमान गर्नु कि अल्लाह आकाशमा छ, यसको अर्थ यो लगाउनु कि आकाश त्यसलाई उठाएछ अथवा अकाश त्यसमाथि छहारी गरेको छ,  यो अर्थ सबै ज्ञानी र ईमानवालहरूको नजिक सबैको सहकारीको साथ गलत ( अशुद्ध) छ ।

निःसन्देह अल्लाहको कुर्सी आकाश र पृथ्वीलाई घेरेको छ र त्यो आकाश र पृथ्वीलाई थामेको छ, जसले गर्दा त्यो बर्बाद नहोस्, र आकाशलाई थामेको छ, जसले गर्दा पृथ्वी माथि न गिरोस्, र यो  त्यसको खूबीको निशानी मध्ये हो कि अकाश र पृथ्वी त्यसको हुकुमले कायम छन् ।

# अध्याय

र अल्लाह माथि आस्था राखनुमा यो पनि शम्मिलित छ कि हामी ईमान राखौं (आस्था राखौ) नि: संदेह अल्लाह नजिक छ र दुआ कबूल गर्नेवाल छ यी दुवैलाई अल्लाहले एकै ठाउँमा जम्मा गरेर भन्नु भयो पवित्र कुआर्नमा :

**وَإِذَا سَأَلَكَ عِبَادِي عَنِّي فَإِنِّي قَرِيبٌ أُجِيبُ دَعْوَةَ ٱلدَّاعِ إِذَا دَعَانِ ۝ ( البقرة : آية رقم 186 )**

**अर्थ :-** हे अल्लाहको रसूल जब मेरो भक्तहरू मेरोबारेमा तिमीसित सोध्छन् तब तिमी भनीदिनुस् कि नि:संदेह म अति नजिक छु म सित दुआ गर्नेवालाको दुआलाई सुन्छु । र अल्लाहको रसूलको फर्मान छ

**إن الذي تدعونه أقرب إلى أحدكم من عنق راحلته (متفق عليه)**

**अर्थ :-** नि:सदेह जसलाई तिमी पुकारछौ बोलाउछौ त्यो तिम्रो सवारीको गदर्न भन्दा तिमीसित नजिक छ ।
र कुरआन र हदीसमा जुन अल्लाहको नजीकहुनुको बणर्न छ , त्यो त्यस अल्लाहको उच्च हुनुको मनाही गर्दैन अथार्त त्यसको उल्टो अर्थ बुझाउदैन किन की अल्लाह जस्तो कोही छैन । र यो त्यसको हरेक सिफतमा (विशेषतामा)छ, त्यो नजिक हुनुको साथ अति उच्च छ , र त्यसको उच्चताका साथ त्यो अति नजकि छ । र ईमान मध्ये यो पनि शाम्मिलित छ कि अल्लाहको सबै किताब (पुस्तक) हरू माथि ईमान राखनु र यो ईमान राख्नु कि नि:संदेह कुरआन अल्लाहको कलाम (वाणी ) हो र अल्लाहबाट अवतरित गरिएको हो र त्यो सृष्टि मध्येबाट होइन, त्यसैको तर्फबाट प्रारम्भ भयो र त्यसैको

तर्फ फर्केर जान्छ र अल्लाहले निश्चित नै त्यसको ( माध्यमबाट) वार्तालाप गर्नु भयो, र यो कुरआन जसलाई अल्लाहले मोहम्द (उहाँ माथि शान्तिहोस्) माथि उतारेको छ त्यो सत्य नै अल्लाहको वाणी हो कुनै आर्काको वाणी होइन, र यो जायज छैन कि हामी भनौं त्यो अल्लाहको वाणीको आदाएगी, (परिशुद्धि) एवं व्याख्या हो बरु जब मनुष्यहरू त्यसलाई पढछन् अथवा लेखछन् तब पनि त्यो अल्लाहको सत्य कलाम (वाणी) नै हुन्छ र कलाम (वाणी) त्यसैसित जोडिन्छ जसले प्रथम पटक त्यसलाई भनेछ न कि त्यससंग जसले त्यसलाई नकल गर्यो (सार्यो), अथवा पुऱ्यायो र त्यो अल्लाहको वाणी हो । शब्दशः र अर्थको साथमा । होइन ? अल्लाहको वाणी केवल शब्द बिना अर्थ र अर्थ बिना शब्द ।

र अल्लाह माथि आस्था , त्यसको किताबहरू र फरिशताहरू एवं त्यसको रसूलहरू माथि आस्था राख्नुको साथ यो पनि त्यसमा शम्मिलित छ कि निःसंदेह अल्लाह माथि आस्था राख्नेहरू अल्लाहलाई प्रलयको दिन देख्ने छन् आफ्नो आँखाबाट जसरी उनीहरू हेर्छन् सूर्यलाई एकदम सफा, जब त्यो बादल मुनि हुँदैन, र यस्तै चन्द्रलाई पुर्णीमाको राती ( चौदहवीको रात्री) मा हेर्छन, जब त्यसलाई हेर्नमा भीड भाड हुदैन् । उनीहरू अल्लाहलाई हेछर्न प्रलयको मैदानमा र फेरि त्यसलाई हेर्छन् स्वर्गमा प्रवेश भए पश्चात जसरी अल्लाह चाहनछ ।

# अध्याय

र परलोकको दिन माथि ईमान (आस्था) को अर्थ हो ती सबै कुराहरू माथि ईमान राख्नु जसको खबर रसूल (उहाँ माथि शान्ति होस्) ले दिनु भएछ, जुन मृत्यु पश्चात हुन्छ, र ईमानवालाहरू ईमान राख्छन् कब्र (चिहान) को परीक्षा र सजायको र त्यसको राहत (आराम) माथि ! जहाँ सम्म परीक्षाको कुरा छ , त्यो यसरी हुन्छ कि मुनुष्यहरूको चिहान भित्र परीक्षाहुन्छ, आदमीसित भनिन्छ (प्रश्नगरिन्छ) तिम्रो पालनहार कुन हो ? तिम्रो धर्म कुन हो ? र तिम्रो नबी को हो ? अल्लाह ईमानवालाहरूलाई दुनिया र परलोकको जीवनमा सुदृढ अटोटको माध्यमबाट अटल गर्ने छ । मोमिन भन्छ । मेरो पालनहार अल्लाह हो र मेरो धर्म इस्लाम हो । र मोहम्मद ( उहाँ माथि शान्ति होस्) मेरो नबी हुन । र अल्लाह र रसूललाई नमान्ने शंका गर्ने व्यक्ति भन्छ । हाय हाय मलाई थाहा छैन, मैले त्यही भने थिए जुन सबै जना भनी राखेका थिए, तब त्यसलाई फलामको घन (ठुलो हथौडा) सित मारिन्छ तब त्यो व्यक्ति यती ठुलो स्वरमा कराउँछ कि त्यसलाई सबै सुन्छन् मनुष्य बाहेक, यदि मान्छेले सुन्यो भने त्यो मुर्छित भई हाल्छ । फेरि यस परीक्षा पश्चात यति राहत हुन्छ र यस्तो दन्ड हुन्छ यहाँ सम्म कि रूहलाई (प्राणलाई) त्यसको शरीर तर्फ फर्काईन्छ ।

र फेरि त्यो ठुलो प्रलय घटित हुन्छ जसको खबर अल्लाहले आफ्नो किताबमा र रसूलले दिनु भएको छ, र जसमाथि सबै ईमानवाला (मुस्लिमहरू) को सहमति छ । सबै मनुष्य आफ्नो आफ्नो चिहानबाट नग्न अवस्थामा नागौँ खुट्टा र खतना नभएका निसकन्छन् र अल्लाहको सामुन्ने उभिन्छन् । सूर्य उनको नजिक हुनेछ र सबै पसीना पसीना हुन्छन्, यस्तो कि त्यो पसीना तिनीहरूको मुखसम्म पुग्छ, आफ्नो पसीनामा मुख

सम्म डुबछन्) तराजु (तुला) गाडिन्छ र त्यसबाट सबैको कर्मलाई नापतौल (लेखाजोखा) गरिन्छ । जसको पुन्यको पलरा गरुङ्गो हुन्छ त्यो कामियाब (सफल) हुन्छ र जसको कुकर्मको पलरा गरुङ्गो हुन्छ त्यो तिनी हुन्छन् जसले आफूलाई हानि पुऱ्याए, र त्यो नर्कमा सदैवको लागि रहन्छन् र मनुष्यहरूको कर्मको पुस्तक (कर्मकाण्ड) खोलिन्छ, कोही आफ्नो रिजल्ट (नतिजा) दायाँ हाथबाट लिने छ त कोई देब्रे हाथ अथवा आफ्नो पिठ्यूको पछाडिबाट जस्तो कि अल्लाहले भनेको छ :

**وَكُلَّ إِنْسَانٍ أَلْزَمْنَاهُ طَآئِرَهُ فِي عُنُقِهِ وَنُخْرِجُ لَهُ يَوْمَ ٱلْقِيَامَةِ كِتَاباً يَلْقَاهُ مَنْشُوراً ۝ ٱقْرَأْ كِتَٰبَكَ كَفَىٰ بِنَفْسِكَ ٱلْيَوْمَ عَلَيْكَ حَسِيباً ۝ ( الإسراء : آية رقم 13 – 14 )**

**अर्थ :-** र हामी प्रत्येक मान्छेको कार्यको दफतर त्यसको गर्दनमा(कण्ठ) लटकाउने छौ, र प्रलयको दिन त्यसलाई खुलेको किताब जस्तो निकाल छौँ, आफ्नो कार्मको किताबलाई पढ तिमी आज आफ्नो कर्महरूको फैसला न्यायको लागि प्रयाप्त छौ ।

र अल्लाह सबैको हिसाब लिन्छ र आफ्नो भक्तहरूसँग एकलै हुन्छ र त्यसको पापहरूको इकरार (स्वीकार) गराउँछ, यस तपसीलको वर्णन कुरआन र हदीसमा छ र काफिर (बेईमान, अल्लाह माथि आस्था नराखनेहरू) सित यस्तो हिसाब लिईदैन त्यसको भलाई बुराईलाई तौलिन्न किन की काफिरको केही नेकी (राम्रो कर्म) हुँदैन केवल उनीहरूको कर्मलाई गनिन्छ र त्यसको जोडाई पछि तिनलाई त्यसको ज्ञान गराइन्छ, फेरि त्यो सबै जुर्मको (पापको) इकरार गराईन्छ, र प्रलयको मैदानमा नबीलाई दिएको (हौज) हौजः कुवाँ अथवा पोखरी आदि के हुन्छ ? अल्लाहलाई नै थाहा छ तर त्यसमा पानी हुन्छ) र

त्यसको पानी दूध भन्दा सेतो र (शहद) मह भन्दा मिठो हुन्छ । त्यसको कटोराहरू आकाशको ताराहरूको बराबर हुन्छन् । त्यसको लम्बाई एक महिनाको दूरी जति हुन्छ र त्यसको चौडाई पनि एक महिना को जति दूरीको हुन्छ । जसले त्यसलाई एक पटक (खान्छ) त्यसलाई कदापि तिर्खा लाग्दैन र पुलसेरात नर्कको पिठ्यू माथि गाडीन्छ, यो त्यहि पुलहो जुन जन्नत (स्वर्ग) र नर्कको बीचमा हुन्छ, सबैजना त्यसमाथिबाट आफ्नो कर्मको आधारले जान्छन् । कति पल्क झपक्दा पारगर्छन र कति बिजुली (करन्ट) जस्तो पारगर्छन् र कोही आँधी तूफान (हुरी) जस्तो र कोही राम्रो घोडा जस्तो कोही ऊँट जस्तो र कति त्यसलाई दुगुरेर पार गर्छन र कति सुस्त सुस्त चाल चलेर र कति घिसरेर र कसैलाई उठाएर नर्कमा हालिन्छ । र जसले पुलसेरातलाई पार गर्यो त्यो स्वर्गमा प्रवेश गर्छ, जब सबै पुलसेरात पार गर्छन् तब स्वर्ग र नर्कको बीचमा एउटा पुल माथि रोकिन्छन् एकआर्काबाट प्रतिशोध लिन्छन् जब उनीहरूको मुटु (दिल) सबै प्रकारको बुराईबाट पवित्र भई हाल्छ तब स्वर्गमा प्रवेश हुनुको आज्ञा हुन्छ सबै भन्दा पहिलो मोहम्मद (उहाँ माथि शान्ति होस्को लागि स्वर्गको ढोका खोलिन्छ र सबै भन्दा पहिला मोहम्मद (उहाँ माथि शान्ति होस्) स्वर्गमा प्रवेश गर्छन् । र उहाँको लागि प्रलयको दिन तीनवटा सिफारिश हुन्छ । पहिलो सिफारिश मैदाने महशरमा भएकाहरूको लागी, तिनीहरूको हिसाब प्रारम्भ गर्नुको लागि ।

जब सबै रसूल र नबीहरू आदम, नूह, इब्राहीम, मूसा र ईसा (उनी माथि अल्लाहको कृपाहोस्) सिफारिश गर्नबाट मअजरत (असमर्थता व्यक्त) गर्छन तब हाम्रो नबी यस कार्यलाई गर्छन । र दोस्रो सिफारिश स्वर्गमा जाने वालाहरूको लागि हुन्छ कि यिनीहरूको लागि स्वर्गको ढोका खोलियोस् र यी दुबै सिफारिश उहाँको लागि खास (विशेष) हुन्छ । र तिस्रो सिफारिश उनीहरूको लागि हुन्छ जुन नर्कको हकदार हुन्छन्, यस सिफारिशमा अरु नबीहरू र साँचो बोल्नेहरू पनि

शम्मिलित हुन्छन् यिनी सबै जना त्यस व्यक्तिको लागि सिफारिश गर्छन् जुन नर्कको हकदार छन् कि यिनीहरू नर्कमा न जाउन् र जुन नर्कमा प्रवेश गरेछन् उनीहरूलाई नर्कबाट निकालियोस् ।

र अल्लाह आफ्नो कृपाले कतिपय जनालाई बिना सिफारिशको नर्कबाट  निकाल्छ, र स्वर्गमा सम्पूर्ण संसारले प्रवेश गरेपछि पनि त्यसमा ठाउँ बाँच्छ, तब अल्लाह त्यसको लागि अरु सृष्टिलाई उत्पन्न गर्छ र स्वर्गमा हाल्छ । हामी ईमान राख्छौं यो सबै तपसील माथि जुन आखेरतको जिन्दगीको बारेमा छ जस्तो हिासब, पुण्य, दन्ड, स्वर्ग, नर्क, आकाशबाट अवतरित गरिएको किताबहरू माथि र आकाशबाट उतारीएको पुस्तकहरूमा, र नबीहरूको कथनमा यो सबै विद्यमान छ । र हाम्रो  नबी मोहम्मदले (उहाँ माथि शान्ति होस्) भनेको कथन नै प्रयाप्त छ ।  ती सबैलाई पाउन सकिन्छ जसले खोजगर्छ । मुक्ति पाउने वाला समूह अहले सुन्नत वल जमाअत राम्रो न राम्रो तकदीर (भाग्य) माथि ईमान राख्छ । भाग्य माथि ईमान दुई दर्जामा बाँडिएको छ । र यी दुई दर्जा (श्रेणी) मध्ये प्रत्येक दर्जामा दुई चीज शम्मिलित छ । पहिलो दर्जा: यो ईमान राख्नु कि अल्लाह मखलूकको ( सृष्टिको) हाललाई अति जान्दछ र उनीहरू त्यस अल्लाहको पुरानो (कदीम) ज्ञानको आधारमा आफ्नो जीवन व्यतित गरिरेहेछन् र त्यसको ज्ञानको केही प्रारम्भ र अन्त छैन त्यो सधै सधैको लागि छ ।

त्यो अल्लाहलाई सबै सृष्टिको हालत अवस्था अज्ञापाल्न गर्ने वा न र्गने र तिनीहरूको जीविका र उमेर सबै थाहा भयो र सबै सृष्टिको भाग्यलाई लौहे महफूजमा लेखी दियो । अल्लाहले सबैभन्दा प्रथम कलमलाई सृष्टि गर्‍यो । फेरि ऊ सित भन्यो लेख ? कलमले भन्यो कि के लेखूँ ?

अल्लाहले भन्यो प्रलय सम्म जे पनि घटित हुनेवाला छ सबै लेख, मनुष्यलाई जुन हानि हुन्छ, र कष्ट हुन्छ त्यो हुने नै छ र

जुन हुने छैन त्यो हुन सक्दैन । कलम सूकी सकेछ र रजिष्टरलाई बन्द गरियो । अल्लाह भन्छन् :

**أَلَمْ تَعْلَمْ أَنَّ ٱللَّهَ يَعْلَمُ مَا فِي ٱلسَّمَآءِ وَٱلأَرْضِ إِنَّ ذَٰلِكَ فِي كِتَابٍ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٌ ۝ ( الحج : آية رقم 70 )**

**अर्थ :-** के तिमीलाई थाहा छैन कि अल्लाह आकाश र पृथ्वीको सबैवस्तुलाई जान्दछ, निःसंदेह यो पुस्तकमा छ र निःसंदेह यो अल्लाहको लागि सजिलो छ । र अल्लाहले कुरआनमा भनेको छ ।

**مَآ أَصَابَ مِن مُّصِيبَةٍ فِي ٱلأَرْضِ وَلاَ فِيٓ أَنفُسِكُمْ إِلاَّ فِي كِتَٰبٍ مِّن قَبْلِ أَن نَّبْرَأَهَآ إِنَّ ذَٰلِكَ عَلَى ٱللَّهِ يَسِيرٌ ۝ ( الحديد : آيةً رقم 22 )**

**अर्थ :-** तिमीहरूलाई जे पनि हानि पुगेछ धरती अथवा तिम्रो शारीरलाई ती सबै घटितहुनु भन्दा अघि नै स्पष्ट किताबमा अंकित छ निश्चित नै यो अल्लाहको लागि अति सजिलो छ ।

यो तकदीर (भाग्य) जुन अल्लाहको ज्ञानको अधीन छ केही ठाउँमा व्याख्या गरेर केही ठाउँमा व्याख्या नगरी लेखिए छ । अल्लाहले जे चाहन्थे त्यो लौहेमहफुजमा लेखिदिए । र जब अल्लाह आमाको पेटमा कुनै बच्चालाई गर्भ गराउँछ तब त्यसमा रूह फुँकनु (प्राण हाल्नु) भन्दा अगाडि एउटा फरिशतालाई पठाउँछ, र त्यसलाई चार कुराको आदेश दिन्छ भन्छ त्यसको जीविका त्यसको उमेर र त्यसको कर्म र त्यो राम्रो हुन्छ अथवा नराम्रो हुन्छ यो लेख । यस तकदीरलाई न

मान्ने वाला पुराना  मान्छेहरू जुन भाग्यको इन्कार गर्थे त्यो अब धेरै कम छन् ।

**दोस्रो दर्जा (श्रेणी)**

अल्लाहको पूर्ण शक्ति, र लागू भएको (मशीयत) चाहना माथि ईमान राख्नु यो यसरी कि यसमाथि ईमान राख्नु कि अल्लाह जे चाहन्छ त्यो हुन्छ र जे चाहदैन त्यो हुन सक्दैन, र यस आकाश र पृथ्वीमा हरकत(अस्थिर्ता) र सोकून(स्थिर्ता) छ त्यो अल्लाहको चाहनाबाट छ । यस समस्त संसारमा त्यो हुन सकदैन जुन अल्लाह न चाहोस् । र त्यो पवित्र जात सबै माथि हाबी छ चाहे वस्तु उपस्थित होस्  अथवा नहोस् सबै माथि हाबी छ (हेरचाय गर्ने वाल छ)  र अकाश र पृथ्वीका कुनै वस्तु  छैन् जुन अल्लाहले जन्माएको छैन, त्यस बाहेक अरु कोही सृष्टा छैन । र त्यस बाहेक अरु कोही पालनहार छैन । र यसको साथ अल्लाहले आफ्नो भक्तहरूलाई आफ्नो आदेशको पालना गर्ने र रसूलहरूको काथनको पालाना गर्ने अदेश दिन्छ र कुकर्म गर्नुबाट रोक्छन् ।त्यो पवित्र जात ईमान राख्नेहरू र राम्रो कर्म गर्नेहरूसिता स्नेह गर्छ र परोपकारको बाटोमा हिडनेहरू अथवा इन्साफ गर्ने वालहरूसिता प्रेम गर्छ र त्यो कुकर्म गर्नेहरूसित  प्रसन्न हुँदैन र बेहयाईको(निर्लज्जताको) हुकुम दिदैन र आफ्नो भक्तहरूको कुफ्र (इन्कार) सित क्रोधित हुन्छ र फसाद (बिगार) लाई मन पराउँदैन ।

मनुष्यहरू केवल कर्म गर्नेवालाहुन (यी कर्मलाई अल्लाहले बनाएको छ, मनुष्य मोमीन (ईमानवाला) पनि छ र काफिर ( इन्कार गर्ने वाला (नास्तिक) पनि छ : राम्रो पनि छ नराम्रो पनि छ मानिस रोजेदार पनि छ नमाजी पनि र मान्छेलाई आफ्नो कर्म माथि शक्ति पनि छ र  इच्छा गर्ने सामर्थ्य पनि तर त्यसको शक्ती र इच्छालाई अल्लाहले जन्माएको छ । अल्लाहले भन्छ

**لِمَن شَآءَ مِنكُمۡ أَن يَسۡتَقِيمَ ۝ وَمَا تَشَآءُونَ إِلَّآ أَن يَشَآءَ ٱللَّهُ رَبُّ ٱلۡعَالَمِينَ ۝ ( التكوير : آية رقم 28 – 29 )**

**अर्थ :-** र तिमी मध्ये जुन सत्यवान रहन चाहन्छ र तिमी चाहन सक्दैनौ जब सम्म अल्लाह न चाहोस् जुन सबै संसार को पालनहार हो ।

र भाग्यको यस श्रेणी को धेरै जना इन्कार गर्छन जुन भाग्यलाई मान्दैनन् जसलाई रसूल (उहाँ माथि शान्ति होस्) ले यस उम्मतका मजूसी भनेकाछन् । केही भाग्यमा ईमान राखने वालाहरूले यति गोलु ( सीमा अगाडी जानु) गरे कि मनुष्यबाट त्यसको अधिकार र शक्ति पनि खोसी हाले, यिनीहरू अल्लाहको आज्ञा र आदेश अथवा उद्देश्यहरूको इन्कार गर्छन ।

# अध्याय

अहलुस्सुन्नह वल जमाअहको प्रारम्भिक नियम मध्ये यो हो कि धर्म र ईमान भन्नु र गर्नु हो अर्थात मुटु र जिब्रोबाट इकरार ( स्वीकार) गर्नु अथवा भन्नु र सबै इन्द्रियबाट कार्यको प्रदर्शन गर्नु र ईमान (आस्था) राम्रो कर्मबाट बढछ्र र कुकर्मबाट घटछ्र । तर अहलुस्सुन्नह वल जमाअः (अहलुल् किब्ला) मुस्लिमहरूलाई जुन पाप अथवा ठूलो पाप गर्नेहरूलाई नास्तिक भनिदैन जस्तो कि खवारिज भन्छन्, पाप गरे पनि त्यो हाम्रो मोमीन भाइ नै रहन्छन् । जस्तो कि अल्लाहले भनेको छ

**فَمَنْ عُفِيَ لَهُ مِنْ أَخِيهِ شَيْءٌ فَٱتِّبَاعٌ بِٱلْمَعْرُوفِ۝( البقرة : آية رقم 178 )**

**अर्थ :-** र जसलाई आफ्नो भाइको तर्फबाट माफी मिल्यो भने त्यसलाई चाहियो कि त्यसलाई राम्रोसित निर्वाहगरोस् । र अल्लाहले भन्छ

**وَإِن طَآئِفَتَانِ مِنَ ٱلْمُؤْمِنِينَ ٱقْتَتَلُوا۟ فَأَصْلِحُوا۟ بَيْنَهُمَا فَإِن بَغَتْ إِحْدَاهُمَا عَلَى ٱلْأُخْرَىٰ فَقَاتِلُوا۟ ٱلَّتِي تَبْغِي حَتَّىٰ تَفِيٓءَ إِلَىٰٓ أَمْرِ ٱللَّهِ فَإِن فَآءَتْ فَأَصْلِحُوا۟ بَيْنَهُمَا بِٱلْعَدْلِ وَأَقْسِطُوٓا۟ إِنَّ ٱللَّهَ يُحِبُّ ٱلْمُقْسِطِينَ۝ إِنَّمَا ٱلْمُؤْمِنُونَ إِخْوَةٌ فَأَصْلِحُوا۟ بَيْنَ أَخَوَيْكُمْ۝ ( الحجرات : آية رقم 9 – 10 )**

**अर्थ :-** र यदि मोमीनहरूको दुई समूह आपसमा लडयो ( युद्धरत भयो) भने तिनी दुबैको सुलह गराउ, यदि फेरि एउटा

ग्रुप अर्का माथि अत्याचार गर्छ भने अत्याचार गर्नेवालासिता युद्ध गर यहाँ सम्म कि त्यो अल्लाहको आदेश तर्फ फर्केर आओस् फेरि जब त्यो अल्लाहको आदेश तर्फ लौटोस् तब उनी दुबै ग्रुपमा सुलह गराऊ इन्साफसित र इन्साफ गर किन कि निःसंदेह अल्लाह इन्साफ गर्ने वालाहरूलाई मनपराउँछन् र ईमान राख्ने वालाहरू आपसमा भाइ भाइ हुन । तिमीहरू आफ्नो भाइहरूको बीच सुलह गराऊ ।

अहले सुन्नत कुकर्म गर्ने मुसलमानलाई अधर्मी भन्दैनन् र त्यसलाई सधै नर्कमा रहनेवाला मान्दैनन् जस्तो कि मोअतजेला भन्छन्, बरु भन्छन मोमिनहरूमा कुकर्म गर्नेवाला पनि शम्मिलित छ । जस्तो कि अल्लाहले भनेको छ ।

**إِنَّمَا ٱلْمُؤْمِنُونَ ٱلَّذِينَ إِذَا ذُكِرَ ٱللَّهُ وَجِلَتْ قُلُوبُهُمْ وَإِذَا تُلِيَتْ عَلَيْهِمْ ءَايَٰتُهُۥ زَادَتْهُمْ إِيمَٰنًا ۝ ( الأنفال : آية رقم 2 )**

**अर्थ :-** ईमान वालाहरू वास्तवामा ऊ हुन जब अल्लाहको वर्णन (गुणगान) गरिन्छ तब तिनीहरूको मुटु थरथर काँपछ र जब उनी माथि अल्लाहको आयतहरू तिलावत गरिन्छ (पाठ गरिन्छ) तब तिनको ईमानमा वृद्धि हुन्छ । र रसूल (उहाँ माथि शान्तिहोस) ले भन्नु भयो ।

**لا يزني الزاني حين يزني وهو مؤمن ، ولا يسرق السارق حين يسرق وهو مؤمن ، ولا يشرب الخمر حين يشربها وهو مؤمن ، ولا ينتهب نهبة ذات شرف يرفع الناس إليه فيها أبصارهم حين ينتهبها وهو مؤمن ( رواه البخاري )**

**अर्थ :-** जानी (ब्यभिचारी) ईमानको (हालतमा) अवस्थामा ( ब्यभिचार) जेना गर्दैन, र चोर ईमानको अवस्थामा चोरी गर्दैन र शराबी ईमानको अवस्थामा मदिरा सेवन गर्दैन र कोही चोर उचक्का ईमानको अवस्थामा चोरी उचक्कई गर्दैन ।

र हामी भन्छौ कि यस्तो कार्य गर्ने वालाको ईमानमा कमी हुन्छ अथवा त्यो मोमिन हो
तर ठूलो पाप गरेको हुनाले त्यो फसिक कुकर्मी छ न त त्यसलाई पूर्ण मोमिन भन्निछ न त त्यसलाई इसलामबाट निस्कासित गर्न सकिन्छ (अर्थात त्यो मोमिन हो तर पूर्ण मोमिन होइन)

# अध्याय

अहले सुन्नत वल जमाअतको असल नियम मध्ये यो पनि हो कि रसूलको सहाबा (साथीहरू) को बुराईबाट आफ्नो जिब्रो वा मुटुलाई बचाउनु किन कि अल्लाहको फर्मान छ ।

**وَٱلَّذِينَ جَآءُوا مِن بَعْدِهِمْ يَقُولُونَ رَبَّنَا ٱغْفِرْ لَنَا وَلِإِخْوَانِنَا ٱلَّذِينَ سَبَقُونَا بِٱلْإِيمَانِ وَلَا تَجْعَلْ فِي قُلُوبِنَا غِلًّا لِّلَّذِينَ آمَنُوا رَبَّنَآ إِنَّكَ رَءُوفٌ رَّحِيمٌ ( الحشر : آية رقم 10 )**

**अर्थ :-** र उनीहरू जुन तिनीहरूको पश्चात आँउछन् भन्छन् हे हाम्रो पालनहार हामीलाई र हाम्रो ती भाइहरूलाई माफ गरी देऊ जुन हामी भन्दा पहिला ईमान ल्याए र हामीहरूको मुटुमा उनीहरूको बारेमा केही किना कपट (इर्ष्या) नराख,जुन हाम्रो पालनहार माथि ईमान ल्याए, निःसंदेह तपाई कृपालु एंव दयालु हुनुहुन्छ ।

अहले सुन्नत वल जमाअत रसूल (उहाँ माथि शान्ति होस्) को आदेशको पालन गर्छन् किन कि उहाँ ले भन्नु भयो ।

**لا تسبوا أصحابي فوالذي نفسي بيده لو أن أحدكم أنفق مثل أحد ذهبا ما بلغ مد أحدهم ولا نصيفه**

**(رواه البخاري )**

**अर्थ :-** मेरो साथीहरूलाई गाली न गर, त्यस जातको शपथ जसको हाथमा मेरो ज्यान छ यदि तिमी मध्ये कोही उहुद पहाड बराबर सुन खर्च गर्छ (दान दिन्छ) तै पनि मेरो साथीहरूको एक मुठ्ठी (मुठ्की) एंव आधा मुठ्ठीलाई पनि पुग्न सक्दैन ।

कुरआन हदीस र ईजमा (सहमति) बाट जुन श्रेणी एंव श्रेष्ठता उनीहरूको लागि प्रमाणित छ त्यसलाई अहले सुन्नत वल जमाअत मान्छन् । र श्रेष्ठता प्रदान गर्छन । उनीलाई जुन सुलह हुदैबिया भन्दा पहिले नै अल्लाहको बाटोमा दान गरे र धर्मयुद्ध गरे उनीहरू माथि जुन सुलह हुदैबिया पश्चात अल्लाहको बाटोमा दानगरे र धर्मयुद्ध गरे र श्रेष्ठता दिन्छन मोहाजेरीनलाई अनसार माथि

***मोहाजेरीन*** (उहाँको ती साथिहरू जुन आफ्नो ईमानलाई बचाउनको निम्ती आफ्नो घर-बार छोडेर मक्काबाट अन्य ठाउँमा प्रवास गरे) ।
***अन्सार*** **:-** *(*उहाँको ती साथीहरू जुन मदिनामा आफ्नो मोहाजेरीन भाइहरूको हरऐक प्रकारबाट सहायता गरे) ।
र यो ईमान राख्छन कि निसंदेह अल्लाहले बदरमा युद्ध गर्नेहरूको लागि भनेछ जुन लगभग ३१३ जना थिए ।

**إعملوا ما شئتم فقد غفرت لكم (رواه البخاري )**

**अर्थ :-** मैले तिमीहरूलाई माफ (क्षमा) गरें तिमीहरू जे चाहे गर ।

र यस माथि ईमान राख्छन कि उनी मध्ये कोही नर्कमा जाँदैन जसले रुखमुनि रसूल (उहाँ माथि शान्ति होस्) सिता शपथ लिनु भयो (बैअत गर्नु भयो) यसको खबर अल्लाहको रसूलले दिनु भए छ । र अल्लाह उनीहरूबाट प्रसन्न छन र उनीहरू अल्लाहबाट, र उनीहरू १४०० भन्दा बढी थिए । र उनीहरू गवाही दिन्छन् उनीहरूको स्वर्गीय हुनुको, जसलाई जन्नती हुनुको गवाही रसुलुल्लाहले दिनु भएछ । जसरी १० जना जसको स्वर्गीय हुनुको गवाही रसूलले दिनु भएछ जसमध्ये साबित बिन कैस, र अरु सहाबीहरू हुन । (अल्लाह उनी माथि कृपा गरुन) र हजरत अली (अल्लाह उनीसित राजी हुन) को यस रिवायत (वर्णन) गरेको हदीस माथि ईमान

राख्छन् कि यस उम्मतमा अल्लाहको नबी पश्चात सबै भन्दा सर्वश्रेष्ठ अबूबकर, फेरि उमर फेरि उसमान, फेरि अली हुन जस्तो कि यस कुरा माथि हदीसबाट थुप्रै प्रमाणहरू छन् र सहाबाहरूले हजरत उसमान (अल्लाह उनीसित प्रसन्न राजी हुन) लाई हजरत अली (अल्लाह उनीसित प्रसन्न हुन) माथि श्रेष्ठता दिनु भएछ । र केही अहलुस्सुनहहरूले उसमान र अलीको सर्व श्रेष्ठतामा भिन्न गर्नु भएछ, अबूबकर र उमर ( अल्लाह यिनीसित प्रसन्न हुन) माथि सहमती गरे पछि कति जनाले हजरत उसमानलाई हजरत अली माथि श्रेष्ठ भन्नु भयो कतिले हजरत अलीलाई हजरत उसमान माथि श्रेष्ठ मान्नु भयो र कति जनाले चुप लागनु भयो ।

तर अहलुस्सुन्नहको यो ईमान छ कि हजरत उसमान हजरत अली माथि श्रेष्ठ छन्, तर यो समस्या असल नियम कानून भित्र आउँदैन कि यसमा भिन्न गर्नेवाला पथ भ्रष्ट हुन्छ, किन कि यो मात्र उसमान र अली मध्ये को सर्वश्रेष्ठ छ यो समस्या हो, हाँ खिलाफत (प्रतिनिधित्व) को बारेमा अवश्य पथ भ्रष्ट भन्न सकिन्छ जुन त्यसमा भिन्नगर्छ । यसैले सम्पूर्ण अहले सुन्नतको यो आस्था छ
कि रसूल (उहाँ माथि शान्ति होस्) पश्चात तपाईको उत्तर अधिकारी अबुबकर फेरि उमर फेरि उसमान फेरि अली ( अल्लाह यिनीहरूसित प्रसन्न रहुन) हुन ।

र जुन व्यक्ति यीनी मध्ये कसैको खिलाफत (प्रतिनिधित्व) माथि एतराज (टिप्पणी) गर्छ त्यो आफ्नो घरको गदहा भन्दा धेरै पथ भ्रष्ट छ । र अहलुस्सुनह रसुल (उहाँ माथि शान्ति होस्) को घरवालाहरू सित प्रेम गर्छन र उनी सित स्नेह राख्छन् र उनको लागि रसूलुल्लाहको वसीयतलाई याद राख्छन् जस्तो कि उहाँले भन्नु भयो गदीर खम (एउटा ठाउँको नाम) को दिन

**أذكركم الله في أهل بيتي ( رواه مسلم )**

**अर्थ :-** तिमीहरूलाई आफ्नो घर वालाहरूको निम्ती अल्लाहको वास्ता दिन्छु ।

र उहाँले आफ्नो चाचासित भन्नु भयो जब उनले उहाँ सित यो शिकायत (गुनासो) गर्नु भयो कि केही व्यक्ति बनुहाशिम, ( हाशिमको कुल) माथि अत्याचार गर्छन् । तब तपाईले भन्नु भयो ।

**والذي نفسي بيده ، لا يؤمنون حتى يحبوكم ، لله ولقرابتي ( رواه الترمذي )**

**अर्थ :-** त्यस जातको शपथ जसको हाथमा मेरो ज्यान छ उनीहरू ईमानवाला हुन सक्दैनन् जब सम्म तिमीहरूलाई अल्लाहको लागि र मेरो नाताको लागि प्रेम गर्दैनन् । र उहाँ ले भन्नु भयो ।

**إن الله اصطفى بني إسماعيل ، واصطفى من بني إسماعيل كنانة ، واصطفى من بني كنانة قريشا ، واصطفى من قريش بني هاشم ، واصطفاني من بني هاشم ( رواه مسلم )**

**अर्थ :-** अल्लाहले इस्माईलको (उहाँ माथी अल्लाहको शन्ति होस्) सन्तानलाई चुन्यो (रोज्यो) र इस्माईलको सन्तान भित्र केनानालाई रोज्यो र केनानाको सन्तान भित्र कुरैशलाई रोज्यो र कुरैशको सन्तान भित्र हाशिमलाई रोज्यो र हाशिमको सन्तान भित्र मलाई रोज्यो ।

र अहले सुन्नत उम्मतको आमाहरू अर्थात रसूल (उहाँ माथि शान्ति होस्) को स्वास्नीहरू सित हार्दिक माया राख्छन् र यो ईमान राख्छन् कि यिनी सबै उहाँको स्वास्नी हुन्छिन् आखेरतमा (परलोकमा) पनि विशेष रूपमा खदीजा (उहाँसित अल्लाह प्रसन्न छन्) सित जुन रसूलुल्लाहको अधिकतम छोरा छोरीका आमा हुन् र जसले सबै भन्दा पहिला तपाई माथि

ईमान ल्याउनु भयो र तपाईलाई सहारा र सहयोग दिनु भयो, यिनकोलागि तपाईको मुटुमा अति उच्च स्थान थियो, र यस्तै अबूबकर सिद्‌दीक (सत्यवान) को केटी आयशा (उहाँसित अल्लाह प्रसन्न छन्) सित जसको लागि रसूलुल्लाहले भन्नु भयो

## فضل عائشة على النساء كفضل الثريد على سائر الطعام ( بخاري)

**अर्थ :-** सबै महिलाहरूमा आयशा (उहाँसित अल्लाह प्रसन्न छन्) को श्रेष्ठता यस्तो छ जस्तो कि सबै भोजनमा सरीदलाई । (सरीद एक प्रकारको खानाको नाम हो) ।

र अहलुस्सुनह त्यो सबै बाटोलाई छाड छन् जसमा राफेजीहरू चली रहेछन् र उहाँको साथिहरूलाई गाली गर्छन । र उनीहरूको बाटोबाट पनि, जसले उहाँको घरवालाहरूलाई जिब्रो र आफ्नो कार्मबाट दुःख पुऱ्याउँछन् । र उहाँको साथीहरूको बीच जुन विवाद भए थियो त्यसमाथि चुपलगछन् र भन्छन् जुन रिवायतमा पनि उहाँको साथिहरूको बुराई छ त्यो मध्ये केही भूठछन् त केही रिवायतमा वृद्धि गरिएको छ त कसैमा कमी गरिएको छ, र जुन सत्य छ त्यसमा पनि उहाँको साथीहरू मअजूर (लाभविन्त) छन् उनीहरूले इजतेहाद (प्रयास) गरे (र सबैलाई यो थाहा छ कि प्रयास सफल र असफल दुबै हुनसक्छ र दुबै जनालाई त्यस प्रयासको पुण्य मिल्छ) यस्तै उहाँको साथीहरूलाई पनि विवादमा कसैलाई सफलता मिल्यो र कसैसित त्रुटि भयो तर यसको साथ पनि अहले सुन्नतको यो आस्था छ कि सबै सहाबाहरू ठूलो र सानो सबै पापसित बचेछैनन् (मासूम छैनन) बरु उनीहरू सित पनि पाप हुन सक्छ, र यदि कसैसित पाप भएछ भने उनीहरूको पहिल्लो सराहनीय कार्य र बलिदानले अल्लाहको कृपालाई अनिवार्य गरी दिन्छ र उनीहरूको त्यो त्रृटि पनि

माफ भईहाल्छ जुन अगाडि आउनेहरूको हुँदैन किन की उनीहरूसित त्यो नेकीहरू छन् जुन अरु आउने वालाहरूसित हुदैन र यो पुण्य पापलाई मिटाई हाल्छ ।

रसूल (उहाँ माथि शान्ति होस्) सित यो प्रमाणित छ कि उहाँले उनीहरूको युगलाई सबै भन्दा राम्रो युग भन्नु भएछ । र उनीहरूको एक मुठ्ठी दान आउने वालाहरूको उहुद पहाडको बराबर सुन भन्दा अफजल (श्रेष्ठ) हुन्छ, फेरि यदि उनीहरूमध्ये कसैसित पाप हुनेछ भने यो पनि हुनेछ कि उनीले तौबा गरिसकेछन् अथवा यस्तो पुण्य गरेछन् कि त्यस पापलाई नष्ट गरी हाल्यो, अथवा उनको पछिल्लो राम्रो कार्यको आधारमा उनको माफी होस् अथवा रसूलुल्लाहको शिफारिस को कारणले उनीहरूको बख्शिश (उद्धार) भई हालोस्, र उहाँको शिफारीसको हकदार उहाँको साथीहरू भन्दा धेरै को हुनसक्छ? अथवा उनीलाई कुनै परीक्षामा हाली तिनको पापलाई नष्ट गरियोस्, यो त उनीहरूको प्रमाणित पापहरूको बारेमा थियो । बाँकी रह्‌यो त्यो समस्या जसमा उनीहरूले इजतेहाद (प्रयास) गरे यदि उनीले हक (सत्य) लाई पाए भने तिनको लागि दुई पुण्य यदि त्रुटि गरे भने एक पुण्य (नेकी) र गल्ती त्रुटि माफ भयो फेरि उनी मध्ये केहीको आपत्तीजनक कार्य अति थोरै छन् जुन उनीको विशेषता र श्रेण्ठिताको तूलनामा धेरै कम छ, किन कि उनि अल्लाह र रसूल माथि ईमान राख्थे र त्यसको पथमा जिहाद (धर्मयुद्ध), हिजरत(प्रवास) सहायता र फाइदा पुऱ्याउनेवाला विद्या र सुकर्म गर्थे, र जसले उनको जीवनीमा सत्यताको दृष्टिले हेरछ र उनी माथि अल्लाहको परोपकारलाई हेरछ त्यसलाई थाहा हुन्छ कि उनीहरू नबीहरू बाहेक सबै भन्दा राम्रो सृष्टि थिए । उनी जस्तो न त कोही भएछ न त हुन्छ र यो समूह अल्लाहको सबै भन्दा राम्रो भन्दा राम्रो समूहबाट रोजिएको छ ।

अहले सुन्नतको असल आस्था मध्ये अल्लाहको अवलियाहरू माथि पनि ईमान राख्नु हो अल्लाह उनीहरूको माध्यमले

आश्चर्य जनक भनुष्यको शक्ति बाहेकको कार्यलाई दर्शाउँछ, विभिन्न प्रकारका ज्ञान शक्ति सहायता र अरु यस्तो कार्यलाई प्रकट गराउँछ जस्तो कि बितेको उम्मतहरूसित वर्णन छ

जस्तो सूरतुल कहफमा छ र जुन सहाबा र ताबईनको बारेमा र सारा उम्मतको महान पुरुषहरूको करामत (आश्चर्यजनक कार्यहरू)माथि विशवास राख्छन् जुन कियामत (प्रलय) सम्म प्रचलित नै रहन्छ ।

# अध्याय

फेरि अहले सुन्नतका तरीका मध्ये यो हो कि रसूल (उहाँ माथि शान्ति होस्) को हदीसहरूलाई जाहिर र बातीन (खुल्ला र गोप्य) को साथ मान्छन् र त्यस माथि चल्छन् र मोहाजेरीन अन्सार जुन बाटोमा पहिले नै चलेछन् त्यसमाथि चल्छन्, र रसूलको सदउपदेशलाई मान्छन् र त्यस माथि कार्य गर्ने प्रयत्न गर्छन जस्तो कि उहाँले भन्नु भयो : (तिमी मेरो सुन्नत र म पछि मेरो उत्तराधिकारी हिदायत पाएको सत्य र सोझो मार्गमा चल्नेहरूको सुन्नतलाई मजबुतीसित (दृढतापूर्वक) समात र यस धर्ममा नयाँ उत्पन्न गरिएको कार्यहरूसित बाँच, किन की निःसंदेह प्रत्येक नयाँ उत्पन्न गरिएको कार्यहरू पथ भ्रष्टता हो । र हरेक भ्रष्ट पथ नर्क तर्फ लिएर जान्छ ।

र उनीहरू यो जान्दछन् कि सबै भन्दा साँचो कुरो अल्लाहको कलाम-वाणी हो र सबै भन्दा राम्रो बाटो मोहमद (उहाँ माथि शान्ति होस्) को बाटो हो । र अल्लाहको वाणीलाई अरु सबैको वाणी माथि उच्च राख्छन् र  मोहम्मद (उहाँ माथि शान्ति होस्) को बाटोलाई सबैको बाटो भन्दा उत्तम ठान्छन, यसै कारण उनीहरूको नाउँ अहलुस्सुन्नः हो र उनीहरू एकमत छन् विभाजित छैनन् यसकारण उनलाई अहलुल जमाआ भन्छन् किन कि सहमति असहमतिको उल्टो हो ।

यद्यपि जमाआको शब्द यसै एकमत समुहको लागी प्रयोग गरिन्छ । इजमा (सहमति) तेस्रो असल कानून-विधि हो जुन यस धर्ममा विश्वासनीय छ । अहले सुन्नत यिनी तीनवटै कानून बमोजिम कसैको प्रष्ट र लुकेको सबै कुरा र कार्यलाई तौल छन् बितेका महान पुरुषहरूको एकमत भएको कार्यलाई इजमा (एकमत) भन्छन उनीहरू पश्चात उम्मतमा धेरै विवाद भयो र सारा उम्मतमा फैलिदै गयो ।

# अध्याय

अहले सुन्नत पछाडि वर्णन गरिएको सबै सिद्धान्त र कानूनको साथ शरीअत (इस्लामीय विधान)को आदेश बमोजिम भलाईको आदेश दिन्छन् र बुराईबाट रोक छन् र हज, जिहाद जुमअः ईद बकरीद सबैको कार्यक्रम हाकिमहरूको साथमा गर्छन हाकिमहरू नेक हुन अथवा बुरा (कुकर्मी), जमाअतको साथ नमाज पढनुको प्रयत्न गर्छन र उम्मतको लागि भलाईको कार्य गर्छन । रसूलुल्लाहको यस कथनको अर्थलाई बुझ्छन् :

**المؤمن للمؤمن كالبنيان ، يشد بعضه بعضا ، وشبك بين أصابعه (رواه البخاري ومسلم )**

**अर्थ :-** मोमीन मोमिनको लागि इमारत (महल) जस्तो छ । जसको एक हिस्सा अर्कोलाई बलियो बनाउँछ, र तपाईले आफ्नो हाथको औंलालाई अर्को हाथको औंलासित मिलाउनु भयो । र उहाँ ले भन्नु भयो ।

**مثل المؤمنين في تؤادهم وتراحمهم وتعاطفهم كمثل الجسد ، إذا اشتكى منه عضو ، تداعى له سائر الجسد بالحمى والسهر**

**(رواه البخاري ومسلم )**

**अर्थ :-** मोमिनहरूको उदाहरण आफू भित्र स्नेह र प्रेम र कृपा गर्नुमा शरीर जस्तो छ जब त्यसको एउटा अङ्ग पनि

बिरामी हुन्छ तब सबै शरीर दुःखछ र सारा शरीरको अङ्ग त्यस बिरामी अङ्गको साथ सुतदैनन् जागीरहन्छन् ।

अहले सुन्नत कुनै पनि आजमाईश (परीक्षा) को बखत सन्तोष गर्नुको आदेश दिन्छन् र कठोर भाग्य माथि प्रसन्नता एंव अल्लाहको शुक्र (प्रशंसा)को आदेश दिन्छन् र राम्रो (उत्तम) स्वभाव एंव कार्यको तर्फ बोलाउँछन् र रसूलुल्लाहको यस कथन माथि विशवास राख्छन् ।

**أكمل المؤمنين إيمانا أحسنهم خلقا ( رواه الترمذي )**

**अर्थ :-** सबै भन्दा पूर्ण ईमान त्यस व्यक्तिको हुन्छ जुन नैतिकतामा सबै भन्दा राम्रो हुन्छ ।

र उनीहरू भन्छन् कि जुन तिमीसित नाता तोडछ (सम्बन्ध बिच्छेद गर्छ) त्यससित नाता जोड र जुन तिमीलाई दिदैन त्यसलाई देऊ । अहले सुन्नत आफ्नो बाबु आमाको साथ राम्रो व्यवहार गर्नु र नातालाई जोडनु आफ्नो छिमेकीको साथ राम्रो व्यवहार गर्नु र टुहुरो बटुवा र गरीब मिस्कीन निसहाय माथि परोपकार गर्नु र नोकर एवं दास माथि नर्मी गर्नुको आदेश दिन्छन् । र इतराउनु (घमन्ड गर्नु) र अत्याचार गर्नु अथवा कसैलाई कुट पिट गर्नुबाट रोकछन् चाहे त्यो सत्यको अधारमा हो अथवा असत्यको आधारमा र राम्रो बानीको आदेश दिन्छन् र नराम्रो बानीबाट रोक्छन् ? यो सबै उल्लेखित कार्यमा उनी केवल कुरआन र सुन्नतको अनुशरण गर्छन । उनको तरीका (पद्धति) इस्लाम धर्म हो जसलाई अल्लाहले मोहम्मद (उहाँ माथि शान्ति होस्) को माध्यमले पठाउनु भयो । हाम्रो नबीले खबर दिनु भएछ कि उहाँको यो उम्मत ७३ समूहमा विभाजित हुने छ र सबै नर्कमा जनेछन्, एक समूह

बाहेक र त्यो समूह जमाअः (सहमत रहनेवाला) हुन र आर्को रिवायतमा छ कि :

**هم من كان على مثل ما أنا عليه اليوم و أصحابي (رواه الترمذي)**

**अर्थ :-** उ त्यो हुन जुन मेरो र मेरो साथीहरू जस्तो कार्य गर्दछन ।

यस्तै बिना मिसावट सत्य इस्लामलाई समात्नेवाला अहले सुन्नत नै हुन यिनीहरू भित्र सत्यवानहरू, शहीदहरू र सुकर्मीहरू छन् र यिनी मित्र पथप्रदर्शक अन्ध्यारोको द्वीप अति महान प्रशंसितहरू र वर्णन गरिएको सर्वश्रेष्ठहरू छन्, र यिनी भित्र नै त्यो महान पुरुष छन् जुन यस धर्मको निवारण गर्छन र बिदअत (नयाँ उत्पन्न गरिएको कुरो) लाई मिटाउँछन् र यिनी भित्र त्यो धर्मगुरु छन् यिनको हिदायतवान (सुमार्गवान) हुनको सारा उम्मत साक्षी छ र सबैको सहमति छ,, र यो अल्लाहसित सहायता पाएको समुह हो जसको लागि रसूल ( उहाँ माथि शान्ति होस्) ले भन्नु भएछ :

**لا تزال طائفة من أمتي على الحق منصورة، لا يضرهم من خالفهم ، ولا من خذلهم ، حتى تقوم الساعة ( رواه البخاري )**

**अर्थ :-** मेरो उम्मतका एउटा समूह बराबर (लगतार-निरन्तर) हक माथि नै दृढ रहने छ त्यो समूह सहायता प्राप्त हुन्छ, र त्यसको विरोध गर्ने वालाहरू र त्यसलाई छाडेर जानेवालाहरू त्यसलाई हानि पुऱ्याउन सक्दैनन्, यहाँ सम्म कि प्रलय हुनेछ ।

हामी अन्तमा अल्लाहसित यो प्रार्थना (दुआ) गर्छौं कि हामीलाई तिनी भित्र प्रवेश गरोस् र हाम्रो मुटुलाई बाँगो न गरोस् सोझो मार्ग पाए पछि , र हामी माथि आफ्नो दया गरोस् र निः सन्देह त्यो धेरै दिने वाला छ, र अल्लाह नै सबै भन्दा ज्ञानी छ । र अल्लाहका शान्ति होस् हाम्रो संदेष्टा मोहम्मद माथि र उहाँको घरवाला एंव उहाँको साथीहरू माथि अति कृपा एंव शान्ति होस् ।
अल्लाह हामी सबैलाई मुक्ति प्रदान गरुन् (आमीन)

**प्रार्थी**
**अतीकुर्रहमान मोहमद इदरीस खाँन**
**कपिलवस्तु नगरपालिका वॉड नं.९ महुवा**
**तौलिहवा कपिलवस्तु नेपाल**
**मो.नं. :००९७७-९८४७०३०७८०**

समाप्त